
# आर्थिक सर्वेक्षण २०७६/०७७



प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. १, बिराटनगर, नेपाल

# प्राक्कथन

विश्वका अधिकांस मुलुकहरुले विकासका आवश्यकताहरुलाई आ-आफ्नो स्थानबाट सम्बोधन गर्ने प्रयासका वीच विश्व महामारीको रुपमा रहेको कोरोना भाइरस (कोभीड-१९) विरुद्धको लडाईमा आ-आफ्नो रणनीति बनाएर ति रणनीतिहरुको उपयोग गरिरहेका छन् । नेपाल पनि कोभिड-१९को सम्भावित महामारीको रोकथाम तथा नियन्त्रणको लागि प्रयासरत रहँदै आएको छ । प्रदेश सरकारपनि नेपालले लिएको रणनीतिलाई सफल बनाउन योगदान गरिरहेको छ । तथापि केही समयसम्म यसको प्रभाव धेरै क्षेत्रहरुमा पर्ने निश्चित छ ।

आर्थिक वर्ष २०७६/७७ को फाल्गुन सम्म प्रदेशका समष्टिगत आर्थिक परिसूचकहरु सन्तोषजनक देखिएका छन तथापी पछिल्लो समयमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमण नियन्त्रण रोकथामको लागि अवलम्वन गरिएका उपायहरुका कारण आर्थिक कृयाकलापहरु गम्भिर रुपमा प्रभावित भएका छन् । व्यावसायिक र लागानीको वातावरण जोखिमपूर्ण हुन थालेसँगै यो वर्ष आर्थिक वृद्धिदरमा यस प्रदेशको योगदान घट्ने प्रारम्भिक अनुमान रहेको छ । आगामी दिनमा प्रदेशका नागरिकहरुको जीवनलाई सुरक्षित बनाउँदै आर्थिक कृयाकलापहरुको पुनरुत्थानमा प्राथमिकताका साथ अघि बढ्नु पर्ने आवश्यकता छ ।

विगतमा आम नेपाली जनताले गरेका आन्दोलन तथा बलिदानबाट प्राप्त उपलब्धी तथा संघीयतालाई कार्यान्वयन गर्दै संविधानको मर्म अनुरुप समाजवाद उन्मुख समुन्नत अर्थतन्त्र निर्माणका लागि उपलब्ध श्रोत र साधनको अधिकत्तम परिचालनद्वारा तीव्र आर्थिक असमानताको अन्त्य गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र समृद्ध बनाउने तथा स्वच्छ, सुखी र समुन्नत प्रदेश भन्ने प्रदेशको सोच तर्फ प्रदेशका आर्थिक नीति निर्देशित भैरहेका छन् ।

यस्तो संकटग्रस्त परिस्थितिमा प्रकाशन गर्न लागिएको आर्थिक सर्भेक्षण २०७६/७७ मा अर्थतन्त्रमा प्रत्यक्ष सम्बन्ध राख्ने विविध पक्षहरुको तत्थ्यांक समावेश हुन सकेको छैन । उपलब्ध स्रोत साधनहरुको अधिकतम उपयोग गरी उपलब्धिमूलक तथा जानकारीमूलक

वनाउने प्रयास गरिएको छ । यस सर्भेक्षणमा समेटिएका सामाग्रीहरु सम्वन्धित पक्षहरुलाई मार्गदर्शकको रुपमा रहेने छ भन्ने विश्वास लिएको छु ।

प्रदेशको आर्थिक गतिविधि र यसको अन्तरसम्बन्ध प्रति रुचि र सरोकार राख्ने बुद्धिजिबी, अनुसन्धानकर्ता, कर्मचारी, विद्यार्थी, उद्योगी, व्यवसायी, सरकारी निकाय, गैरसरकारी संस्था तथा सर्वसाधारण नागरिकको साथै विकास साझेदार एवं विदेशी लगानीकर्ताको लागि समेत यो आर्थिक सर्वेक्षण उपयोगी हुने विश्वास लिएको छु ।

अन्त्यमा, आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न मन्त्रालयका सचिव श्री दामोदर रेग्मी, वित्त व्यवस्थापन शाखाका सवै कर्मचारीहरु तथा आवश्यक तथ्यांक, सूचना एवं विवरण उपलब्ध गराई सहयोग पुऱ्याउने विभिन्न मन्त्रालय, विभाग र अन्य सबै सम्बद्ध निकायहरु प्रति धन्यवाद दिन चाहन्छु ।

धन्यवाद
जेष्ठ, २०७७

मा.इन्द्र बहादुर आङ्वो
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १, विराटनगर

# विषय सूची


| | | |
|---|---|---|
| प्राक्कथन | | |
| तालिका सूची | | |
| चार्ट सूची | | |
| छोटकरी रुप | | |
| कार्यकारी सारांश | | १ |
| १. | समग्र आर्थिक स्थिति | ४ |
| २. | प्रादेशिक आर्थिक तथा सामाजिक स्थिति | ७ |
| ३. | सार्वजनिक वित्त | १५ |
| ४. | वित्तीय क्षेत्र | २९ |
| ५. | गरिबी निवारण र रोजगारी | ३२ |
| ६. | सुशासन तथा सामान्य प्रशासन | ३६ |
| ७. | कृषि वन तथा भूमिसुधार | ३८ |
| ८. | उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन | ४२ |
| ९. | भौतिक पूर्वाधार | ४६ |
| १०. | सामाजिक क्षेत्र | ४८ |
| ११. | सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण | ५५ |
| १२. | कोरोना रोकथाम, नियन्त्रण उपचार तथा राहत | ५६ |

# तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिकाः | १ क | प्रदेश नं. १ को गार्हस्थ्य उत्पादन -उत्पादकको मूल्यमा) आर्थिक सूचक प्रतिशत | ४ |
| तालिकाः | १ ख | गार्हस्थ्य उत्पादन वृद्धिदर | ५ |
| तालिकाः | २ क | प्रदेश नं. १ को आर्थिक तथा सामाजिक परिसूचक | ८ |
| तालिकाः | २ ख | प्रदेश नं. १ को प्रशासनिक स्थिति | ९ |
| तालिकाः | २ ग | जनसाख्यिक स्थिति प्रदेश नं. १ को कुल जनसंख्या | १२ |
| तालिकाः | २ घ | प्रदेश १ का स्थानीय तहको जनसंख्या विवरण | १३ |
| तालिकाः | २ ङ | स्वामित्वको आधारमा घरपरिवार संख्या | १३ |
| तालिकाः | ३ क | चालु आ.ब. २०७६/०७७ को विनियोजन, खर्च तथा संशोधित अनुमान | १५ |
| तालिकाः | ३ ख | प्रदेश नं. १ को तीन वर्षको स्वीकृत बजेट तथा खर्च विवरण | १६ |
| तालिकाः | ३ ग | बैशाख मसान्तसम्मको प्रासिको अवस्था | १७ |
| तालिकाः | ३ घ | आ.ब. २०७६/०७७ को प्रदेश राजस्व संकलन | १७ |
| तालिकाः | ३ ङ | प्रदेश १ को चालु मूल्यमा कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | १८ |
| तालिकाः | ३ च | प्रदेश नं. १ अन्तर्गतका विभिन्न मन्त्रालयहरुको आम्दानी र खर्चको विवरण | १९ |
| तालिकाः | ३ छ | प्रदेश नं. १ का स्थानीय तहहरुलाई अनुदान हस्तान्तरण विवरण | २० |
| तालिकाः | ४ क | प्रदेश सरकारको पूँजीगत खर्चको प्रवृति | २९ |
| तालिकाः | ४ ख | प्रदेशगत बजेट र स्थिति | ३० |
| तालिकाः | ४ ग | बैंक तथा वित्तिय संस्थाको शाखा संख्या २०७६ चैत्रमसान्तसम्म | ३० |
| तालिकाः | ४ घ | जीवन तथा निर्जीवन विमकको संख्या | ३१ |
| तालिकाः | ५ क | गरिबी तथा मानव विकास सूचकांक | ३३ |
| तालिकाः | ५ ख | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण | ३४ |
| तालिकाः | ५ ग | श्रमिकको उत्पादकत्व तथा रोजगारी | ३५ |
| तालिकाः | ७ क | कृषि भूमिको प्रयोग र सिंचाईको स्थिति | ३८ |
| तालिकाः | ७ ग | कृषि, उद्योग र सेवामा क्षेत्रगत उत्पादनमा प्रदेशको अंश | ३९ |
| तालिकाः | ७ घ | प्रदेश नं. १ मा खाद्यान्न आवश्यकता (मेट्रीक टनमा) | ३९ |
| तालिकाः | ७ ङ | वनक्षेत्रको स्थानीय तहगत स्थिति | ४० |
| तालिकाः | ७ च | वन क्षेत्रको प्रदेशगत स्थिति | ४१ |
| तालिकाः | ८ क | प्रदेश १ मा उद्योगको स्थिति | ४२ |
| तालिकाः | ८ ख | कम्पनी दर्ता संख्या | ४३ |
| तालिकाः | ८ ग | लघु घरेलु तथा साना उद्योगहरुको प्रदेशगत विवरण २०७६ असारसम्म | ४४ |
| तालिकाः | ८ घ | प्रदेशगत रुपमा दर्ता भएका विदेशी लगानीका उद्योगहरुको विवरण | ४५ |
| तालिकाः | ८ ङ | पर्वतारोहणबाट प्राप्त रोयल्टी | ४५ |

| | | |
|---|---|---|
| तालिकाः ९ क | जलविद्युत उत्पादन स्थिति मेगावाटमा | ४६ |
| तालिकाः ९ ख | प्रदेश नं. १ मा स्थानीय सडकको विवरण | ४६ |
| तालिकाः १० क | माध्यमिक शिक्षा परीक्षा (साविक एस.एल.सी.) प्राविधिक परीक्षाको विवरण | ४८ |
| तालिकाः १० ख | प्रदेश अनुसार विभिन्न तहका विद्यालयको विवरण | ४९ |
| तालिकाः १० ग | प्रदेश नं. १ मा खुद विद्यार्थी भर्नादरको विवरण | ४९ |
| तालिकाः १० घ | प्रदेश अनुसार २०७६/०७७ मा स्वास्थ्य सेवाबाट लाभान्वित जनसंख्या | ५२ |
| तालिकाः १० ङ | आधारभूत सुविधा उपलब्धताको स्थिति प्रतिशत | ५३ |
| तालिकाः ११ क | प्रदेश नं. १ मा कोरोना संक्रमितहरुको विवरण | ५७ |
| तालिकाः ११ ख | प्रदेश नं. १ मा कोरोना संक्रमितहरु निको (डिस्चार्ज) भएकाहरुको विवरण | ५७ |
| तालिकाः ११ ग | "प्रदेश नं. १ कोरोना जनसुरक्षा कोष" मा सहयोग रकमको विवरण | ५८ |

# चार्ट सूची

| | | |
|---|---|---|
| चार्ट १ क | कुल गार्हस्थ्य (उत्पादकको मूल्यमा) उत्पादनको प्रदेशगत संरचना | ४ |
| चार्ट १ ख | प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादनको बृद्धिदर (प्रतिशत) | ५ |
| चार्ट २ क | उमेर समूह अनुसार जनसंख्याको विवरण (प्रतिशत) | ११ |
| चार्ट ४ क | जीवन तथा निर्जीवन विमकको संख्या | ३१ |
| चार्ट १० क | प्रदेश नं. १ को खुद विद्यार्थी भर्नादर प्रतिशतको विवरण | ५० |

# छोटकरी रुप

| | |
|---|---|
| ADSL: | Asymmetric digital subscriber line |
| CCMC: | COVID-19 crisis management centre |
| COVID: | Corona Virus Disease 2019 |
| CTEVT : | The Council for Technical Education and Vocational Training |
| GPA: | Grade Point Average |
| MEDPA | Micro Enterprise Development for Poverty Alleviation |
| NCME : | National Council on Measurement in Education |
| SLC: | School Leaving Certificate |
| उप.म.न.पा. | उपमहानगरपालिका |
| कि.मी. | किलो मिटर |
| क्यू. फिट | क्यूविक फिट |
| गा.पा. | गाउँपालिका |
| न.पा. | नगरपालिका |
| म.न.पा. | महानगरपालिका |
| मे.वा. | मेगावाट |

# कार्यकारी सारांश

१ संघीय शासन प्रणाली अन्तरगत सहकारिता समन्वय र सहअस्तित्वको मूल मर्मलाइ आत्मसात गर्दै **समृद्ध नेपाल सुखी नेपाली** को राष्ट्रिय लक्ष्य प्राप्तिमा प्रदेशको सहभागिता र योगदान सुनिश्चित गर्न प्रदेश सरकार **स्वच्छ, सुखी र समुन्नत प्रदेश** बनाउने अभियानका साथ अगाडी बढिरहेको छ ।

२ संघीयता कार्यान्वयनका लागि तयार गरिएका संरचना र प्रणाली संस्थागत भएकोले प्रदेशको आर्थिक गतिविधिहरुमा बढोत्तरी हुदै गएको छ । सार्वजनिक सेवा प्रवाह छिटो, छरितो एवम् विश्वासिलो तथा गुणस्तरीय हुँदै गएको छ । वित्तीय संस्थाहरुको विस्तारसँगै प्रदेशमा वित्तीय पहुँचमा अभिवृद्धि भएको छ । राष्ट्रिय अर्थतन्त्रको सवलीकरणका लागि प्रादेशिक अर्थतन्त्रको भूमिका बढेको छ ।

३ अनुकुल मौसम, प्रदेश सरकारको पूँजीगत खर्चमा भएको बृद्धि, लगानीको अनुकुल वातावरण, उर्जाको उपलब्धता लगायत आपूर्ति व्यवस्थामा आएको सुधारका कारण यस प्रदेशको आर्थिक बृद्धि दर गत आ.ब.मा ७.४% रहेको थियो । तर कोरोना भाइरसको महामारीको कारण चालु आर्थिक बर्षमा ३.४% मा खुम्चने प्रक्षेपण गरिएको छ ।

४ आर्थिक विकासको क्षेत्रमा प्रदेश सरकारको भूमिकालाइ दिगो र सबल रुपमा स्थापित गर्नको लागि सरकारको खर्च गर्ने क्षमता अभिवृद्धि गर्नु एक महत्वपूर्ण पक्ष हो । देशको प्रशासनिक तथा आर्थिक कृयाकलाप संचालन गर्न निरन्तर रुपमा उकालो लागिरहेको सार्वजनिक खर्चको श्रोतको परिचालन सार्वजनिक वित्तवाट नै हुने गर्दछ ।प्रदेश सरकारले अपनाउने हरेक आर्थिक कृयाकलापहरुमा सार्वजनिक वित्तको उपस्थिति अपरिहार्य छ र यस क्षेत्रमा सुधार भैरहेको छ ।

५ शहरी क्षेत्रमा निरपेक्ष गरिबी कम देखिए पनि गरिबीको सघनता उच्च रहेको छ । यस प्रदेशमा चालु आर्थिक वर्षको पछिल्ला महिनाहरुमा भने कोभिड - १९ प्रकोपका कारण गरिबी र बेरोजगारीमा चाप परेको छ ।

६ प्रदेशमा विदेशी लगानीमा संचालन हुने उद्योगहरुमा लगानी वृद्धि हुने सम्भावना छ । आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालु आर्थिक वर्ष २०७६/७७ मा

विदेशी लगानीको प्रतिवद्धतामा वृद्धि हुने देखिएको भएतापनि कोरोनाको कारणले वैदेशिक लगानीको आकर्षणको लागि केही समय प्रतिक्षा गर्नु पर्ने स्थिति छ ।

७ प्रदेशको समृद्धिका लागि उच्च र दिगो आर्थिक वृद्धि र त्यसको न्यायोचित वितरण मार्फत सामाजिक न्याय प्राप्त गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणमा योगदान गर्ने प्रदेशको आर्थिक नीति रहेको छ । प्रदेश नं १ को कूल गार्हस्थ्य उत्पादनमा कृषि ग्राहस्थ्य उत्पादन ३७.१४ प्रतिशत हिस्सा ओगटेको देखिन्छ । नेपालको वनको कुल क्षेत्रफल मध्ये यस प्रदेशको हिस्सा १७.१६ रहेको छ ।

८ प्रदेशको सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाई सार्वजनिक सेवा सुविधामा सबै नागरिकको समान र सहज पहुँचको सुनिश्चित गर्न आवश्यक छ । प्रदेशको सार्वजनिक सेवाले प्रदेशवासीको विश्वास एवं भरोसा प्राप्त गर्न नसकेको गुनासो रहेकोमा त्यसलाई सम्बोधन गर्ने प्रयास गरिदै आएको छ । अतः प्रदेशको प्रभावकारी सेवा प्रवाहको लागि प्रविधि मैत्री र उच्च मनोवल युक्त जनशक्तिबाट प्रदेश सार्वजनिक सेवा संचालन गर्नुपर्ने हुन्छ ।

९ प्रदेशको समृद्धिका लागि उच्च र दिगो आर्थिक वृद्धि र त्यसको न्यायोचित वितरण मार्फत सामाजिक न्याय प्राप्त गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणमा योगदान गर्ने प्रदेशको आर्थिक नीति रहेको छ ।

१० गत आर्थिक वर्षको तुलनामा यस आ.व.मा कोरोना भाइरसको प्रभावले बन्दाबन्दी लगायतका कारणले कम्पनी दर्तामा केही कमी आउन सक्ने अनुमान छ । प्रदेश नं. १ मा ७.२ प्रतिशत उद्योगहरु दर्ता भएको देखिन्छ ।

११ नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक एवम् मानव निर्मित सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्य स्थलको रुपमा विकास गर्ने सोचमा योगदान पुर्याउने प्रदेश नं. १ को दिर्घकालीन दृष्टीकोण रहेको छ ।

१२ मुलुकको उच्च आर्थिक वृद्धि र तीब्र विकासका लागि भौतिक पूर्वाधार, यातायात तथा सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापनवाट रोजगारी सिर्जना तथा गरिबी निवारणमा सहयोग पुगेको छ । यस प्रदेशको लगभग सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालले जोडिएका

छन् । सूचना प्रविधिको विकाससँगै टेलिफोन र इन्टरनेट प्रयोगकर्ताको संख्या उल्लेख्य बढेको छ ।

१३ जलश्रोत यस प्रदेशको विकासको प्रचुर सम्भावना भएको क्षेत्र मध्ये एक हो । प्रदेश स्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा प्रदेश सरकारको अधिकार सूचीमा रहेको छ । प्रदेश सरकारले जलश्रोतको योजना तर्जुमा गर्दा खानेपानी, सिँचाइ, प्रकृति अनुकूल पर्यटन तथा मत्स्यपालन र जलविद्युत गरी चार वर्गमा प्राथमिकता क्रम निर्धारण गरेको छ ।

१४ नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । प्रदेशको शिक्षा सम्बन्धी अधिकार क्षेत्रभित्र रहेर विभिन्न शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत कानूनी तथा श्रोतगत व्यवस्थापन गर्दै आएको छ ।

१५ संविधानमा सूचनाको हक मौलिक हकको रूपमा व्यवस्था गरी यसलाई आधारभूत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षणको पहरेदारको रूपमा लिएको देखिन्छ । यस प्रदेशमा सूचना, सञ्चार र सूचना प्रविधिको तीव्र विकास भइरहेको छ ।

१६ कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यलाई थप प्रभावकारी बनाउन मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय संरचना गठन भई आवश्यक कार्य भईरहेको र यसले कोरोना संक्रमण नियन्त्रणमा सहयोग पुर्‍याएको छ ।

# १ समग्र आर्थिक स्थिति


## आर्थिक वृद्धि

१.१ आर्थिक वर्ष २०७६/७७ मा देशको कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु. ३७ खर्ब ६७ अर्ब ४ करोड मध्ये प्रदेश नं. १ को अंश १५.८२ प्रतिशत रहने अनुमान छ ।

तालिकाः १ क प्रदेश १ को गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) आर्थिक सूचक प्रतिशत

| प्रदेश | गार्हस्थ्य उत्पादन (प्रतिशत) | मानव विकास सूचांक |
|---|---|---|
| प्रदेश १ | १६ | ०.५२३ |

*श्रोतः प्रदेश योजना आयोग, ०७६/७७*




चार्ट १ क कुल गार्हस्थ्य (उत्पादकको मूल्यमा) उत्पादनको प्रदेशगत संरचना

*श्रोतः केन्द्रीय तथ्यांक विभाग २०७७*


१.२ आर्थिक वर्ष २०७६/७७ को फाल्गुनसम्म आर्थिक गतिविधिमा विस्तार हुँदै गएता पनि विश्वव्यापी महामारिको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा रोकथामका लागि अवलम्वन गर्नु परेको लकडाउनको असर यस प्रदेशको अर्थतन्त्रमा पनि पर्ने देखिन्छ । फलस्वरुप, चालु आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर गत आर्थिक वर्षको तुलनामा कम हुने अनुमान रहेको छ । गत आ.व. मा देशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर २.२८ (उत्पादकको मूल्यमा) प्रतिशत हुँदा यस प्रदेशको आर्थिक वृद्धिदर ७.४ प्रतिशत रहेको थियो भने चालु आ.व. २०७६/७७ मा ३.४ प्रतिशत रहने अनुमान गरिएको छ ।

**तालिकाः १ ख गार्हस्थ्य उत्पादन वृद्धिदर**

| प्रदेश | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ |
|---|---|---|
| प्रदेश १ | ७.४ | ३.४ |

*श्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७७*

**चार्ट १ ख प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत)**




*श्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७७*

१.३ आर्थिक बर्ष २०७५/०७६ मा प्रदेश नं. १ को समग्र आर्थिक गतिविधिमा विस्तार भएको थियो। अनुकुल मौसम, सरकारको पूँजीगत खर्चमा भएको बृद्धि, लगानीको अनुकुल वातावरण, उर्जाको उपलब्धता लगायत आपूर्ति व्यवस्थामा आएको सुधारका कारण आ.ब. २०७५/७६ मा आर्थिक बृद्धि ७.४% रहेको थियो ।तर कोरोना भाइरसको महामारीको कारणले चालु आर्थिक बर्षमा ३.४% मा खुम्चने प्रक्षेपण गरिएको छ ।

१.४ आगामी बर्ष संघीयताको सबलीकरण संगै उच्च आर्थिक बृद्धिदर हासिल गरी प्रदेशले थप समावेशी बनाउँदै लैजाने बिषय चुनौतीपुर्ण छ । प्रादेशिक सम्रग क्षेत्रको विकास गर्न निम्न क्षेत्रलाई प्राथमिकतामा राखि अगाडी बढ्न सक्नु पर्दछ । स्वास्थ्य, शिक्षा, रोजगारी प्रवर्द्धन, कृषि, पशुपक्षी, मत्स्यपालन, जडीबुटी, नगदे बाली, पर्यटन, वन, उद्योग र उद्यमशीलता, जलस्रोत सिँचाइ, खानेपानी, सडक, वातावरण संरक्षण, अनुसन्धान विकास र क्षमता अभिवृद्धि, सहकारी, सामाजिक विकास, विपद् व्यवस्थापन, भूमि व्यवस्था, कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा रोकथाम आदि ।

## २ प्रादेशिक आर्थिक तथा सामाजिक स्थिति

२.१ प्रदेश नं. १ नेपालको पूर्वी भू-भागमा हिमाल, पहाड र तराईसम्म फैलिएको छ। यस प्रदेशमा जम्मा १४ वटा जिल्लाहरू रहेका छन् । यस प्रदेशको सिमाना पूर्वमा भारतको पश्चिम बंगाल, पश्चिममा प्रदेश नं २ र प्रदेश नं ३ उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा भारतको बिहार राज्य पर्दछ । यो प्रदेश २६ डिग्री २७ मिनेट १५ सेकण्ड उत्तरी अक्षांश र ९७ डिग्री १६ मिनेट ४७ सेकण्ड पूर्वी देशान्तरमा अवस्थित छ । यस प्रदेशको कूल क्षेत्रफल २५,९०५ वर्ग कि.मि. तथा कूल जनसंख्या ४५,३४,९४३ रहेको छ । यस प्रदेशमा पुरुषको जनसंख्याभन्दा महिलाको जनसंख्या ८.५ प्रतिशतले बढी रहेको छ । मोरङ जिल्लाको विराटनगर प्रदेशको राजधानी हो ।

२.२ यो प्रदेश सुन्दर पहाड र हिमवत् खण्ड, उच्च हिमश्रृङ्खला जस्ता प्राकृतिक सम्पदाले सुशोभित रहेको छ । विश्वकै सर्वोच्च शिखर सगरमाथाका साथै कञ्चनजङ्घा, मकालु, चोयु, ल्होत्से, जन्नु, यलुङ्काङ आदि हिमालहरू यस प्रदेशमा रहेका छन् । यी उच्च हिमालय पर्वतहरूले मित्रराष्ट्र चीनसँगको प्राकृतिक सीमाको काम पनि गरेको छ । यस प्रदेशमा इलामको श्रीअन्तु डाँडा, कन्याम, धनकुटाको भेडेटार, सोलुखुम्बुको नाम्चेबजार, सगरमाथा आधार शिविर तथा सुनसरीको तालतलैया लगायतका विभिन्न पर्यटकीय स्थलहरू रहेका छन् । प्राकृतिक सम्पदा, वन्यजन्तु तथा पशुपंक्षिको संरक्षण गर्ने हेतुले स्थापना गरिएका सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरूण राष्ट्रिय निकुञ्ज, कोशी टप्पु वन्यजन्तु आरक्षण, कञ्चनजङ्घा संरक्षण क्षेत्र यस प्रदेशमा रहेका छन्। नेपालकै अग्लो ह्यातुङ झरना, टोड्के र पकली जस्ता ठूला र लामा झरनाहरू पनि यसै प्रदेशमा रहेका छन् जसले गर्दा प्रदेशमा पर्यटन व्यवसायको प्रचुर सम्भावना रहेको छ ।

२.३ यो प्रदेशमा जातीय, धार्मिक तथा भाषिक विविधता रहेको पाइन्छ । यस प्रदेशमा असङ्ख्य मठ, मन्दिर, पाटीपौवा, गुम्बा, मस्जिदहरू रहेका छन् । प्रसिद्ध धार्मिक तीर्थस्थलहरूमा ताप्लेजुङको पाथिभरा देवीको मन्दिर, इलामको माइपोखरी, झापाको अर्जुनधारा र सतासी धाम, सुनसरीको बराहक्षेत्र, बुढासुब्बा, पिण्डेश्वरी, दन्तकाली र रामधुनी, संखुवासभाको शिवधारा, खोटाङको हलेसी महादेव लगायत बराहपोखरी, साल्पापोखरी, दुधकुण्ड, कालिका देवी, छिन्ताङ देवी, कन्काई आदि यस प्रदेशमा रहेका छन् ।

२.४ यस प्रदेशमा पुवाखोला जलविद्युत आयोजना र थामे जलविद्युत आयोजना निर्माण भई सञ्चालनमा रहेका छन् । त्यस्तै यस प्रदेशमा पर्ने अरूण तेस्रो जलविद्युत आयोजना प्रमुख प्रस्तावित जलविद्युत आयोजनाभित्र पर्दछ । जलश्रोतमा सम्पन्न यस प्रदेशमा अरूण, तमोर, दुधकोशी, मेची, कन्काई र त्रियुगा, लगायतका नदीहरू रहेका छन् ।

**प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक**

२.५ २०७६ फाल्गुनसम्म प्रदेश नं. १ मा वाणिज्य बैंकको शाखा ६७६ वटा विस्तार भई करिब ९९.१ प्रतिशत स्थानीय तहमा वाणिज्य बैंकको पहुँच पुगेको छ ।

**तालिकाः २ क प्रदेश १ को आर्थिक तथा सामाजिक परिसूचक**

| परिसूचक | नेपाल | प्रदेश नं १ |
|---|---|---|
| प्रशासनिक तथा जनसांख्यिक स्थिति | | |
| स्थानीय तहको संख्या | ७५३ | १३७ |
| जनसंख्या प्रतिशतमा | १०० | १७.१ |
| जनघनत्व प्रतिवर्ग कि.मी. | | १७५ |
| क्षेत्रफल प्रतिशतमा | १०० | १७.६ |
| आर्थिक तथा सामाजिक क्षेत्र | | |
| आर्थिक वृद्धिदर आधारभूत मूल्यमा (प्रतिशत) | २.३ | ३.४ |

| | | |
|---|---|---|
| गार्हस्थ्य उत्पादनमा योगदान (आधारभूत मूल्यमा) | १०० | १५.८ |
| उद्योगको दर्ता संख्या | ८२१२ | ७४० |
| जलविद्युत उत्पादन मेगावाट | १२३३ | १९३.२ |
| स्थानीय सडक सञ्जाल कि.मी. | ७०४७४ | १४०८५ |
| बेरोजगार संख्या हजारमा | ९०८ | १३६ |
| विद्यालय संख्या | ३५५२० | ६९५३ |
| <u>वित्तीय क्षेत्र</u> | | |
| बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ९६४० | १५६८ |
| प्रतिशाखा जनसंख्या | ३०७२ | ५६८८ |
| कुल निक्षेपमा योगदान प्रतिशत | १०० | ६.५९ |
| कुल कर्जा उपयोग प्रतिशत | १०० | ११.८८ |

*श्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७६*

**प्रशासनिक र जनसांख्यिक स्थिती**

२.६ पूर्वी नेपालका १४ जिल्लालाई समेटिएको प्रदेश नं १ मा १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी जम्मा १३७ स्थानीय तहहरू रहेका छन् ।

**तालिकाः २ ख प्रदेश नं. १ को प्रशासनिक स्थिती**

| प्रदेश | मुकाम | म.न.पा. | उ.मा.न.मा | न.पा. | गा.पा. | जम्मा स्थानिय तह |
|---|---|---|---|---|---|---|
| १ | विराटनगर | १ | २ | ४६ | ८८ | १३७ |


*श्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,२०७४*

२.७ २५,९०५ वर्ग किलोमिटर (नेपालको क्षेत्रफलको १७.६ प्रतिशत) क्षेत्रफलमा अवस्थित यो प्रदेशको जनसङ्ख्या २०६८ को जनगणना अनुसार ४५,३४,९४३

(कुल जनसङ्ख्याको १७.१ प्रतिशत) रहेको छ । बि. सं २०५८-२०६८ को अवधिमा जनसंख्या वृद्धि प्रतिशत इलाम (०.२६), उदयपुर (०.९९), झापा (१.६६), मोरङ (१.३५) र सुनसरी (१.९९) रहेको र बाँकी ९ जिल्लामा ऋणात्मक जनसङ्ख्या वृद्धि भइ प्रदेशको कुल जनसङ्ख्या घटेको देखिन्छ । यस तथ्यबाट हिमाली तथा पहाडी जिल्लाबाट तराईका जिल्लाहरूमा आन्तरिक बसाइँसराइ भएको देखिन्छ ।

२.८ जनसङ्ख्या संरचनालाई हेर्दा वि.सं. २०६८ मा काम गर्ने उमेर समूह (१५-६४ वर्ष) को हिस्सा ६१.५%, केटाकेटीहरू (१५ वर्षभन्दा मुनिको हिस्सा ३२.९% र पाकाहरू (६५+ वर्ष) को अंश ५.६% ) रहेको छ । जनसङ्ख्या प्रक्षेपणको तथ्याङ्क हेर्दा, आधार वर्षको ३० वर्ष पछि अर्थात बि.सं. २०९८ मा जनसाङ्ख्यिक संरचनामा धेरै फेरबदल आइसकेको हुनेछ । त्यति बेला, यो प्रदेशमा काम गर्ने उमेर समूह (१५-६४ वर्ष) मा ६९.२%, केटाकेटीहरू (१५ वर्ष भन्दा मुनि) २२.३% र पाकाहरू (६५+ वर्ष) ८.५% रहने देखिन्छ । काम गर्ने उमेर समूहको जनसङ्ख्याको अनुपात बढ्दै गएको छ । जनसाङ्ख्यिक लाभको यो सुवर्ण अवसरलाई सदुपयोग गरी विदेसिने युवा शक्तिलाई रोकेर प्रदेशको विकासमा लगाउन सके प्रदेशको समृद्धि हासिल गर्न सकिनेछ । विगत एक दशकमा यस प्रदेशको जनसङ्ख्या करिब ८% ले बढेको छ, जुन नेपालको जम्मा जनसङ्ख्या वृद्धिदर १३.५% भन्दा कम हो । सबैभन्दा धेरै जनसङ्ख्या मोरङमा ९ लाख ६५ हजार (प्रदेशको २१.२९ प्रतिशत) र सबभन्दा कम तेह्रथुममा एक लाख एक हजार (२.६२ प्रतिशत) छ । भौगोलिक क्षेत्रफलमा सबभन्दा धेरै ताप्लेजुङको ३६४६ वर्ग कि.मि. (१४.०७ प्रतिशत) र सबभन्दा कम तेह्रथुमको ६७९ वर्ग कि.मि. (२.२४ प्रतिशत) छ ।

**चार्टः २ क  उमेर समूह अनुसार जनसङ्ख्याको वितरण (प्रतिशत)**




*श्रोतः जनगणना, २०६८*

२.९ जनसङ्ख्याका आधारमा यहाँका विभिन्न जातिहरू मध्ये क्षेत्रीको हिस्सा (१४.७७ प्रतिशत), ब्राह्मणको हिस्सा (१२.०८ प्रतिशत), राई (११.३२ प्रतिशत) र लिम्बूको हिस्सा (८.०४ प्रतिशत) छ । यो प्रदेशका प्रमुख १५ वटा जात जातिहरूको अंश प्रदेशको कुल जनसङ्ख्याको ७८.२ प्रतिशत हुन आउँछ । नेपालमा बोलिने प्रायः सबै भाषाहरू यस प्रदेशमा बोलिन्छ जसमा नेपाली भाषी (४३.०७ प्रतिशत), मैथली भाषी (११.१९ प्रतिशत), लिम्बू (७.३१ प्रतिशत ) र थारू भाषी (३.९२ प्रतिशत) छन् ।

२.१० यस प्रदेशको प्रति व्यक्ति आय अमेरिकी डलर १०७१ छ । आ.व. २०७६/७७ को कुल गार्हस्थ्य उत्पादन रु. ५ खर्व ४४ अर्ब ११ करोड ८० लाख छ । राष्ट्रिय योजना आयोगले सन २०१५ मा गरेको एक अध्ययन प्रतिवेदनमा उल्लेख भए अनुसार मुलुकको कृषि तथा पशुको उत्पादनमा यस प्रदेशको योगदान करीब २१ प्रतिशत छ ।

२.११ यस प्रदेशमा कुल उद्योगको सङ्ख्या ७४० छ जुन देशभरिका उद्योगको ९.२५ प्रतिशत हो । यी उद्योगमा लगानी रु. २६३ अर्ब छ । उद्योगको क्षेत्रमा प्रदेश नं. १ मा ७० हजार ६ सयले रोजगारी पाएका छन् जुन देशको कुल औद्योगिक रोजगारीको करीब १३ प्रतिशत हो । लगानीका दृष्टिले यस प्रदेशका उद्योगमा कुल औद्योगिक लगानीको करीब २० प्रतिशत लगानी छ ।

२.१२ यस प्रदेशबाट जम्मा राजस्व रु. १२ अर्ब १२ करोड मात्र राजस्व सङ्कलन भएको देखिन्छ, जुन मुलुकको गैर भन्सार राजस्वको २.५२ प्रतिशत मात्र हो । यस प्रदेशको समग्र राजस्व सङ्कलनमा भन्सार विन्दुको योगदान ७१.२९ प्रतिशत छ जसको प्रशासन नेपाल सरकारवाट हुने गर्दछ ।

२.१३ सन् २०११ को जनगणना अनुसार यस प्रदेशको औसत आयु ६८.५ वर्ष रहेको छ । त्यसैगरी यस प्रदेशको साक्षरता दर ७१.२ प्रतिशत रहेकोछ जसमध्ये ७९.३ प्रतिशत पुरुष र ६३.९ प्रतिशत महिला छन् । प्रदेश नं. १ को कुल जनसंख्या ४५ लाख ३४ हजार ९ सय ४३, घर परिवार संख्या ९ लाख ९१ हजार ७ सय ५०, कुल क्षेत्रफल २५९०५ वर्ग कि.मि., जनघनत्व १७५ प्रति वर्ग कि.मि., लैगिक अनुपात ९१.५, क्षेत्रफल नेपालको (संसोधन अघिको) क्षेत्रफलको १७.६ प्रतिशत र जनसंख्या नेपालको जनसंख्याको १७.१ प्रतिशत रहेको छ ।

**तालिकाः २ ग जनसाख्यिक स्थिती प्रदेश नं. १ को कुल जनसंख्या**

| प्रदेश | कुल जनसंख्या | घरपरिवार संख्या | क्षेत्रफल (वर्ग कि.मी) | जनघनत्व (प्रति वर्ग कि.मी) | लैंगिक अनुपात (पुरुष/अनुपात) | क्षेत्रफल प्रतिशत | जनसंख्या प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| प्रदेश १ | ४५३४९४३ | ९९१७५० | २५९०५ | १७५ | ९१.५ | १७.६ | १७.१ |

*श्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७६*

२.१४ प्रदेश १ मा महानगरपालिकाको जम्मा जनसंख्या २१४६६३, उपमहानगरपालिकाको २७८२२२, नगरपालिकाको २१४७०६१, गाउँपालिकाको १८५९९४६ तथा संस्थागत जनसंख्या ३५०५१ रहेको छ । यस प्रदेश नं. १ मा प्रदेशको कुल जनसंख्याको ४१.७% गाउँपालिकाहरुमा बसोबास गरेका छन् । यस प्रदेशको कुल जनसंख्या मध्ये ५६% तराईमा, ३५.४% पहाडमा र ८.६% हिमालमा बसोबास गरेका छन् ।

**तालिकाः २ घ प्रदेश १ का स्थानीय तहको जनसंख्या विवरण**

| प्रदेश १ | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका | संस्थागत |
|---|---|---|---|---|---|
| पुरुष | १०८८२७ | १३१२३७ | १०१०२५९ | ८८५४८० | ३०७३३ |
| महिला | १०५८३६ | १४६९८५ | ११३६८०२ | ९७४४६६ | ४३१८ |
| जम्मा | २१४६६३ | २७८२२२ | २१४७०६१ | १८५९९४६ | ३५०५१ |

*श्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७६*

२.१५ प्रदेश नं. १ मा स्वामित्वको आधारमा घरपरिवार संख्या ९९१,७५० तथा घरधनीको जम्मा संख्या ६१४५२ रहेको छ ।

**तालिकाः २ ङ स्वामित्वको आधारमा घरपरिवार संख्या**

| प्रदेश | जिल्ला | जम्मा | घर धनी | घर वहाल | संस्थागत | अन्य |
|---|---|---|---|---|---|---|
| प्रदेश नं १ | ताप्लेजुङ्ग | २६,४७१ | २१,५३३ | ३,०५२ | १३३ | १,७५३ |
| | पाँचथर | ४१,१७६ | ३६,४१३ | ४,०१६ | २३० | ५१७ |
| | इलाम | ६४,४७७ | ५७,९७५ | ४,४८० | ४६७ | १,५५५ |
| | झापा | १८४,३८४ | १५७,५८१ | २०,४०३ | २,२५१ | ४,१४९ |
| | मोरङ्ग | २१३,८७० | १८५,५७१ | २२,९५९ | १,६८१ | ३,६५९ |
| | सुनसरी | १६२,२७९ | १३४,३५१ | २१,५९८ | २,६४६ | ३,६८४ |
| | धनकुटा | ३७,६१६ | ३२,११६ | ४,२९८ | ५०६ | ६९६ |
| | तेरथुम | २२,०८४ | १९,२५१ | १,६९४ | ८३ | १,०५६ |

| प्रदेश | जिल्ला | जम्मा | घर धनी | घर वहाल | संस्थागत | अन्य |
|---|---|---|---|---|---|---|
| | संखुवासभा | ३४,६१५ | ३०,९५९ | २,५९६ | १८९ | ८७१ |
| | भोजपुर | ३९,३९३ | ३६,०५७ | २,१२८ | १८३ | १,०२५ |
| | सोलुखुम्बु | २३,७५८ | २०,९९५ | २,२३८ | १५० | ३७५ |
| | ओखलढुङ्गा | ३२,४६६ | ३०,८१८ | १,१७२ | ११३ | ३६३ |
| | खोटाङ्ग | ४२,६४७ | ४०,६२१ | १,३०३ | ८६ | ६३७ |
| | उदयपुर | ६६,५१४ | ६१,४५२ | ४,१३१ | ४१९ | ५१२ |
| | | ९९१,७५० | ८६५,६९३ | ९६,०६८ | ९,१३७ | २०,८५२ |

*श्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७६*

# ३ सार्वजनिक वित्त

३.१ सरकारले अपनाउने हरेक आर्थिक कृयाकलापहरुमा सार्वजनिक वित्तको उपस्थिति नितान्त आवश्यक छ । प्रदेशको प्रशासनिक तथा आर्थिक कृयाकलाप संचालन गर्न निरन्तर रुपमा उकालो लागिरहेको सार्वजनिक खर्चको श्रोतको परिचालन सार्वजनिक वित्तवाट नै हुने गर्दछ । विभिन्न वित्तिय औजारहरु जस्तै आन्तरिक राजश्व, राजश्व वाँडफाँड, रोयल्टी बाँडफाँड, वित्त हस्तान्तरण, आन्तरिक ऋण, सार्वजनिक खर्च आदिको प्रभावकारी परिचालनवाट मात्रै श्रोत साधनको न्यायोचित वितरण, आर्थिक वृद्धि र विकास, रोजगारका अवसरको सृजना तथा आर्थिक स्थिरता स्थापित गर्न सकिन्छ । आर्थिक विकासको क्षेत्रमा प्रदेश सरकारको भूमिकालाइ दिगो र सबल रुपमा स्थापित गर्नको लागि सरकारको खर्च गर्ने क्षमता अभिवृद्धि गर्नु आर्थिक मेरुदण्डको महत्वपूर्ण पक्ष हो ।

**तालिकाः ३ क चालु आ.ब. २०७६/०७७ को विनियोजन, खर्च तथा संशोधित अनुमान**

| विवरण | आ.व.२०७६/०७७ विनियोजित बजेट (संशोधित) रु. | हालसम्मको खर्च रु. (२०७७ बैशाख मसान्तसम्म) | हालसम्मको खर्च (प्रतिशतमा) | आषाढ मसान्तसम्मको खर्चको संशोधित अनुमान प्रतिशत |
|---|---|---|---|---|
| चालु खर्च | १८६२६४७६000.00 | ६३२७९१६४८८.३0 | ३३.९७ | ७१.९५ |
| पूँजिगत खर्च | २३५७३९३४000.00 | ८९२५०५५७३१.७५ | ३७.८६ | ७९.७२ |
| जम्मा | ४२२00४१0000.00 | १५२५२९७२२२0.0५ | ३६.१४ | ७६.२९ |
| अनुदान (समानीकरण, सशर्त, विशेष, समपुरक) | २१,२0७,४00,000.00 | १३८८८७५८000.00 | ६५.४९ | ७५.५४ |

*श्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं १, २०७६*

**राजस्व**

३.२ केन्द्रीय राजस्व संकलनमा प्रदेश नं १ को ८.२ प्रतिशतको योगदान रहेको छ । आ.व. २०७६/०७७ मा सङ्घीय सरकारबाट प्रवाह हुने समेत गरी कुलस्रोत प्रवाह अनुमानित रु.१४ अर्ब १२ करोड ९६ लाख १० हजार हुने अनुमान छ

३.३ यस प्रदेशको आन्तरिक आय रु. ३ अर्ब ८४ करोड ९९ लाख १० हजार अनुमान रहेकोमा आ.व.को अन्त्य सम्म २ अर्ब ५० करोड रहने संसोधित अनुमान गरिएको छ।

३.४ प्रदेश नं. १ को तीन वर्षको वित्त हस्तान्तरण तर्फको स्वीकृत वजेट तथा खर्च विवरण अनुसार आ.व. ०७४/७५, ०७५/७६ तथा ०७६/७७ मा विभिन्न शिर्षकमा देहाय वमोजिम रहेको छ ।

**तालिकाः ३ ख प्रदेश नं. १ को तीन वर्षको स्वीकृत वजेट तथा खर्च विवरण**

(२०७७ वैशाखसम्म) (रु हजारमा)

| सि.न | आ.व | समानीकरण | | सशर्त अनुदान | | विषेश अनुदान | | समपुरक अनुदान | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा वजेट | खर्च प्रतिशत | जम्मा वजेट | खर्च प्रतिशत | जम्मा वजेट | खर्च प्रतिशत | जम्मा वजेट | खर्च प्रतिशत |
| १ | ०७४/७५ | १०२०५०० | ६०.१३ | - | - | - | - | - | - |
| २ | ०७५/७६ | ६६१०३०० | ५५.४६ | १०५४७३५६ | ५८.८९ | ६५७१०६ | ८४.०६ | ६८०००० | ८१.२२ |
| ३ | ०७६/७७ | ६१२२४७५ | - | ६९५४५३३ | - | ३४०६२५ | - | ४७११२५ | |
| | कुल जम्मा | १३७५३२७५.०० | ११५.५९ | १७५०१८८९.०० | ५८.८९ | ९९७७३१.०० | ८४.०६ | ११५११२५.०० | ८१.२२ |

*श्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं १, २०७६*

३.५ प्रदेश नं. १ मा बैशाख मसान्त सम्म प्राप्त कूल रकम २२,३७९,२१६,७२४.९३ रहेको छ ।

**तालिकाः ३ ग बैशाख मसान्त सम्मको प्राप्तिको अवस्था**

| सि. न. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | यस बर्षको बैशाख सम्मको प्राप्ति मु. अ. कर अन्त शुल्क तथा अनुदान र राजश्व (सशर्त र समानीकरणको तेस्रो किस्ता समेत) | २२,३७९,२१६,७२४.९३ | |
| क | रोयल्टी | २४६,७९७,३४५.०० | |
| ख | अनुदान (समानिकरण, शसर्त, बिषेश र समपुरक ) | १३,८८८,७५८,०००.०० | |
| ग | मु.अ.कर र अन्तशुल्क | ५,८७६,५०२,११०.३९ | |
| घ | आन्तरिक आय विभिन्न राजश्व शिर्षक | २,३६७,१५९,२६९.५४ | |

*श्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं १, २०७६*

३.६ आर्थिक वर्ष २०७६/७७ मा यस प्रदेश मूल्य अभिवृद्धि कर वापत रु. ४१९४००६०२२.३३ तथा अन्तःशुल्क वापत रु. १२२३०१०११०.२८ संकलन भएको छ ।

**तालिकाः ३ घ आ. व. २०७६/०७७ को प्रदेश राजस्व संकलन**

| राजस्व शिर्षक | प्रदेश १ |
|---|---|
| सम्पति वहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ३९५००८.५० |
| घर जग्गा रजिष्ट्रेशनमा लाग्ने कर | ७०४७५६२७२.४५ |
| मूल्य अभिवृद्ध कर | ४१९४००६०२२.३३ |
| अन्तःशुल्क (आन्तरिक) | १२२३०१०११०.२८ |
| रोयल्टी | |
| शिक्षा क्षेत्रको आम्दानी/ परीक्षा शुल्क | २५०००००.०० |
| अन्य प्रशासनिक सेवा शुल्क | १००००००००.०० |
| जम्मा | |

*श्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७६*

३.७ प्रदेश नं. १ मा कृषि तथा वनको योगदान सबै भन्दा बढी छ भने मत्स्यपालन क्षेत्रको योगदान १२.६८ हुने अनुमान रहेको छ ।

**तालिकाः ३ ङ रास्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेश १ को क्षेत्रगत योगदान ( चालु मूल्यमा)**

प्रतिशतमा

| क्षेत्र | संशोधित | अनुमानित |
|---|---|---|
| कृषि तथा वन | २१.५० | २१.५० |
| मत्स्यपालन | १२.६८ | १२.६८ |
| खानी तथा उत्खनन | १३.६० | १३.६० |
| उत्पादन उद्योग | २१.९९ | २१.९९ |
| विद्युत ग्याँस तथा पानी | २२.५६ | २६.५६ |
| निर्माण | १८.३४ | १८.३४ |
| थोक तथा खुद्रा व्यापार | १०.३६ | १०.३६ |
| होटल तथा रेष्टुरेन्ट | १४.८५ | १४.८५ |
| यातायात भण्डारण तथा संचार | १०.६० | १०.६० |
| वित्तीय मध्यस्थता | ९.०५ | ९.०५ |
| घर जग्गा भाडा तथा व्यवसायिक सेवाहरु | ९.३९ | ९.३९ |
| सार्वजनिक प्रशासन तथा रक्षा | १६.९५ | १६.९५ |
| शिक्षा | १५.७२ | १५.७२ |
| स्वास्थ्य तथा सामाजिक कार्य | १७.१९ | १७.१९ |

*श्रोतः केन्द्रीय तथ्यांक विभाग, , २०७६*

३.८ प्रदेश नं १ अन्तर्गतका बिभिन्न मन्त्रालयहरुको २०७६ बैशाख मसान्तसम्म चालु र पूँजीगत शीर्षकमा भएको आम्दानी र खर्चको बिवरण निम्नानुसार रहेको छ ।

**तालिकाः ३ च प्रदेश नं १ अन्तर्गतका बिभिन्न मन्त्रालयहरुको आम्दानी र खर्चको विवरण**

| मन्त्रालयको नाम | बार्षिक बजेट | | | खर्च | | |
|---|---|---|---|---|---|---|
| | बार्षिक बजेट चालु | बार्षिक बजेट पूजिगत | जम्मा | चालु खर्च | पुँजीगत खर्च | जम्मा खर्च |
| प्रदेश व्यवस्थापिका सचिवालय | ३००६७९००० | ३५४१७००० | ३३६०९६००० | १६३५०९३४२.२६ | ८७६५२६८.०० | १७२२७४६१०.२६ |
| प्रदेश लोकसेवा आयोग | १७४९७००० | ७५००००० | २४९९७००० | २५४८२०५.८० | ३२९०८६६.०० | ५८३९०७१.८० |
| प्रदेश योजना आयोग | ५४०३६००० | १८६८२००० | ७२७१८००० | १५१३११३१.०० | २६९८०९३.०० | १७८२९२२४.०० |
| मुख्य न्ययाधिबक्ता कार्यालय | २३११७००० | ५०००००० | २८११७००० | १००६३६२३.०० | ४६०७४१५.०० | १४६७१०३८.०० |
| मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय | १९०८४३००० | ८९८३०००० | २८०६७३००० | ३१८१५५८९१.४५ | १०५०६८९०.७२ | ३२८६६२७८२.१७ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ७७३७६६५००० | ३३६६५०००० | ८०७४३१५००० | २८१३६१९८७८.५१ | १६८३९६५१.८१ | २८३०४५९५३०.३२ |
| आन्तरिक मामिला तथाकानून मन्त्रालय | ३३८३०८००० | ११४४५६०००० | १४८२८६८००० | ८०५६१३५२.०० | २०२९७०४६८.७५ | २८३५३१८२०.७५ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १६५९९१५००० | ११४४५६०००० | २८०४४७५००० | ७०२९२०८१७.०० | २०९०१२८५२.२९ | ९११९३३६६९.२९ |
| भूमि ब्यवस्था , कृषि तथा सहकारी मन्त्रालय | ३८५९१४६००० | २१७२८२३००० | ६०३१९६९००० | ४४८७६०१४२.७३ | ९४६१०५३७.७० | ५४३३७०६८०.४३ |
| भौतिक पूर्वाधार विकासमन्त्रालय | ९९९९८७००० | १८१८८६००० | ११८१८७३००० | ३८२७८५१३०.६८ | ८२८४३५८३७४.७४ | ८६६७१४३५०५.४२ |
| सामाजिक विकास मन्त्रालय | ३४४५२८३००० | १८८५९९९४००० | २२३०५२७७००० | १३८९८६०९७३.८७ | ८७३९५३१३.७४ | १४७७२५६२८७.६१ |
| जम्मा | १८६२६४७६००० | २३९९६९०२००० | ४२६२३३७८००० | ६३२७९१६४८८.३० | ८९२५०५५७३१.७५ | १५२५२९७२२२०.०५ |

*श्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं १, २०७६*

## स्थानीय तहलाई भएको राजस्व बाँडफाँड

३.९ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट माग भए अनुसार प्रदेश वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३ बमोजिम प्रदेश र स्थानीय तहहरु बीच बाँडफाँड हुने सवारी साधन कर आ.व. २०७७/७८ का लागि बाँडफाँड रकम रु ४१ करोड ६९लाख ५५ हजार नियमानुसार १३७ स्थानीय तहमा हस्तानतरण गरिएको छ । जसको अतिरिक्त स्थानीय तहलाई विभिन्न अनुदानहरु पनि वितरण गरिएको छ ।

## तालिकाः ३ छ प्रदेश नं. १ का स्थानीय तहहरुलाई अनुदान हस्तान्तरण विवरण

| सि.नं. | कार्यालय कोड नं. | जिल्ला | स्थानिय तहको नाम | ब.उ.शी.नं. | वित्तीय समानीकरण अनुदान २६३३१ | सशर्त अनुदान २६३३२ | विशेष अनुदान २६३३३ | समपूरक अनुदान २६३३४ | कुल अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा सशर्त अनुदान २६३३२ | जम्मा विशेष अनुदान २६३३३ | जम्मा समपूरक अनुदान २६३३४ | |
| १ | ३०५०१०१०११ | ताप्लेजुङ | फक्ताङलुङ्ग गाउँपालिका | ८०१०१३०२३ | ६७९६ | १२५६५ | २००० | १०००० | ३१३६१ |
| २ | ३०५०१०१०११ | ताप्लेजुङ | मिक्वाखोला गाउँपालिका | ८०१०१३०३३ | ६९३७ | १२२८५ | २५९१ | १०००० | ३१८१३ |
| ३ | ३०५०१०१०११ | ताप्लेजुङ | मेरिङ्गदेन गाउँपालिका | ८०१०१३०४३ | ६९८७ | ८१२५ | २००० | १०००० | २७११२ |
| ४ | ३०५०१०१०११ | ताप्लेजुङ | मैवाखोला गाउँपालिका | ८०१०१३०५३ | ६९७७ | १०९२५ | २००० | १०००० | २९९०२ |
| ५ | ३०५०१०१०११ | ताप्लेजुङ | आठराई त्रिवेणी गाउँपालिका | ८०१०१३०१३ | ६९९७ | ८९३० | २००० | १०००० | २७९२७ |
| ६ | ३०५०१०१०११ | ताप्लेजुङ | फुङलिङ्ग नगरपालिका | ८०१०११०१३ | ७२१६ | १५१४५ | ६५९१ | १०००० | ३८९५२ |
| ७ | ३०५०१०१०११ | ताप्लेजुङ | पाथिभरा याङ्वराक गाउँपालिका | ८०१०१३०६३ | ६९९७ | १४३८८ | २४४२ | १०००० | ३३८२७ |
| ८ | ३०५०१०१०११ | ताप्लेजुङ | सिरीजङ्गा गाउंपालिका | ८०१०१३०८३ | ६९७० | १०२०० | २००० | १०००० | २९१७० |
| ९ | ३०५०१०१०११ | ताप्लेजुङ | सिदिङ्गवा गाउँपालिका | ८०१०१३०७३ | ६९८८ | ५५८० | २००० | १०००० | २४५६८ |
| १० | ३०५०१०४०११ | संखुवासभा | भोटखोला गाउँपालिका | ८०१०१३३०३ | ६९५५ | ३६६२ | २००० | १०००० | २२६१७ |
| ११ | ३०५०१०४०११ | संखुवासभा | मकालु गाउँपालिका | ८०१०१३३१३ | ६९११ | ७४३२ | १०५९१ | २०००० | ४४९३४ |
| १२ | ३०५०१०४०११ | संखुवासभा | सिलीचोङ गाउँपालिका | ८०१०१३३३३ | ६९६९ | ४३५५ | २००० | १०००० | २३३२४ |
| १३ | ३०५०१०४०११ | संखुवासभा | चिचिला गाउँपालिका | ८०१०१३२९३ | ६९८० | ७६५६ | २००० | १०००० | २६६३६ |
| १४ | ३०५०१०४०११ | संखुवासभा | सभापोखरी गाउँपालिका | ८०१०१३३२३ | ६९७७ | ८७२५ | २००० | १०००० | २७७०२ |

| सि.नं. | कार्यालय कोड नं. | जिल्ला | स्थानिय तहको नाम | ब.उ.शी.नं. | वित्तीय समानीकरण अनुदान २६३३१ | सशर्त अनुदान २६३३२ | विशेष अनुदान २६३३३ | समपूरक अनुदान २६३३४ | कूल अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा सशर्त अनुदान २६३३२ | जम्मा विशेष अनुदान २६३३३ | जम्मा समपूरक अनुदान २६३३४ | |
| १५ | ३०५०१०४०११ | संखुवासभा | खाँदबारी नगरपालिका | ८०१०१११५३ | ७२३७ | २९३९८ | ७५०० | १०००० | ५४१३५ |
| १६ | ३०५०१०४०११ | संखुवासभा | पाँचखपन नगरपालिका | ८०१०१११८३ | ६९९६ | १६०९५ | २००० | १०००० | ३५०९१ |
| १७ | ३०५०१०४०११ | संखुवासभा | चैनपुर नगरपालिका | ८०१०१११६३ | ७१७९ | २०३१० | २४४२ | १०००० | ३९९३१ |
| १८ | ३०५०१०४०११ | संखुवासभा | मादी नगरपालिका | ८०१०१११९३ | ६९८८ | १२६६५ | २५९१ | १५००० | ३७२४४ |
| १९ | ३०५०१०४०११ | संखुवासभा | धर्मदेवी नगरपालिका | ८०१०१११७३ | ६९८६ | १२५४५ | २००० | १०००० | ३१५३१ |
| २० | ३०५०१०९०११ | सोलुखुम्बु | खुम्बु पासाङल्हामु गाउँपालिका | ८०१०१३६३३ | ६६०३ | ५६६२ | २००० | २०००० | ३४२६५ |
| २१ | ३०५०१०९०११ | सोलुखुम्बु | माहाकुलुङ गाउँपालिका | ८०१०१३६७३ | ६९३८ | १२४९१ | २५९१ | १०००० | ३२०२० |
| २२ | ३०५०१०९०११ | सोलुखुम्बु | सोताङ गाउँपालिका | ८०१०१३६९३ | ६९८८ | ८७९९ | २५९१ | १०००० | २८३७८ |
| २३ | ३०५०१०९०११ | सोलुखुम्बु | दुधकोशी गाउँपालिका | ८०१०१३६४३ | ६९८४ | ३८४०८ | २००० | १०००० | ५७३९२ |
| २४ | ३०५०१०९०११ | सोलुखुम्बु | थुलुङ दुधकोशी गाउँपालिका | ८०१०१३६५३ | ७०१२ | ११८८७ | २००० | १७००० | ३७८९९ |
| २५ | ३०५०१०९०११ | सोलुखुम्बु | नेचासल्यान गाउँपालिका | ८०१०१३६६३ | ७००५ | १८२७० | २००० | १०००० | ३७२७५ |
| २६ | ३०५०१०९०११ | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका | ८०१०११३९३ | ६८९३ | २०३४५ | ६३०१ | १०००० | ४३५३९ |
| २७ | ३०५०१०९०११ | सोलुखुम्बु | लिखु पिके गाउँपालिका | ८०१०१३६८३ | ६९६१ | १०७३० | २००० | १०००० | २९६९१ |
| २८ | ३०५०११००११ | ओखलढुङ्गा | चिशंखुगढी गाउँपालिका | ८०१०१३८४३ | ६९९२ | १०४७० | २००० | १०००० | २९४६२ |
| २९ | ३०५०११००११ | ओखलढुङ्गा | सिद्धिचरण नगरपालिका | ८०१०११४६३ | ७१८० | २७२११ | ६५९१ | १०००० | ५०९८२ |

| सि.नं. | कार्यालय कोड नं. | जिल्ला | स्थानिय तहको नाम | ब.उ.शी.नं. | वित्तीय समानीकरण अनुदान २६३३१ | सशर्त अनुदान २६३३२ | विशेष अनुदान २६३३३ | समपूरक अनुदान २६३३४ | कूल अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा सशर्त अनुदान २६३३२ | जम्मा विशेष अनुदान २६३३३ | जम्मा समपूरक अनुदान २६३३४ | |
| ३० | ३०५०११००११ | ओखलढुङ्गा | मोलुङ्ग गाउँपालिका | ८०१०१३८६३ | ६९८६ | १०१७२ | २००० | १०००० | २९१५८ |
| ३१ | ३०५०११००११ | ओखलढुङ्गा | खिजीदेम्बा गाउँपालिका | ८०१०१३८२३ | ६९७२ | ५३८५ | २००० | १०००० | २४३५७ |
| ३२ | ३०५०११००११ | ओखलढुङ्गा | लिखु गाउँपालिका | ८०१०१३८७३ | ६९८६ | १०२२९ | २४४२ | १०००० | २९६५७ |
| ३३ | ३०५०११००११ | ओखलढुङ्गा | चम्पादेवी गाउँपालिका | ८०१०१३८३३ | ७००५ | ७९७७ | २५९१ | १०००० | २७५७३ |
| ३४ | ३०५०११००११ | ओखलढुङ्गा | सुनकोशी गाउँपालिका | ८०१०१३८८३ | ६९८५ | ११५९१ | २००० | १०००० | ३०५७६ |
| ३५ | ३०५०११००११ | ओखलढुङ्गा | मानेभन्ज्याङ्ग गाउँपालिका | ८०१०१३८५३ | ६९९६ | १०२७८ | २००० | १०००० | २९२७४ |
| ३६ | ३०५०१०८०११ | खोटाङ | केपिलासगढी गाउँपालिका | ८०१०१३७१३ | ६९८८ | १३८६४ | २४४२ | १०००० | ३३२९४ |
| ३७ | ३०५०१०८०११ | खोटाङ | ऐसेलुखर्क गाउँपालिका | ८०१०१३७०३ | ६९९४ | ७८३२ | २००० | १०००० | २६८२६ |
| ३८ | ३०५०१०८०११ | खोटाङ | रावा बेसी गाउँपालिका | ८०१०१३७५३ | ६९८१ | ८४३६ | २००० | १०००० | २७४१७ |
| ३९ | ३०५०१०८०११ | खोटाङ | हलेसी तुवाचुङ नगरपालिका | ८०१०११४१३ | ७१९१ | १७९७८ | २००० | १०००० | ३७१६९ |
| ४० | ३०५०१०८०११ | खोटाङ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | ८०१०११४०३ | ७५८५ | ६०३८५ | ११५९१ | १५००० | ९४५६१ |
| ४१ | ३०५०१०८०११ | खोटाङ | साकेला गाउँपालिका | ८०१०१३७७३ | ६९७७ | ८०७१ | २००० | १०००० | २७०४८ |
| ४२ | ३०५०१०८०११ | खोटाङ | दिप्रुङ चुइचुम्मा गाउँपालिका | ८०१०१३७४३ | ६९९७ | १५७४० | २००० | १६००० | ४०७३७ |
| ४३ | ३०५०१०८०११ | खोटाङ | खोटेहाङ गाउँपालिका | ८०१०१३७२३ | ६९९० | ८९७१ | २००० | १०००० | २७९६१ |
| ४४ | ३०५०१०८०११ | खोटाङ | जन्तेढुङ्गा गाउँपालिका | ८०१०१३७३३ | ६९९२ | १४६९६ | २५९१ | ० | २४२७९ |

| सि.नं. | कार्यालय कोड नं. | जिल्ला | स्थानिय तहको नाम | ब.उ.शी.नं. | वित्तीय समानीकरण अनुदान २६३३१ | सशर्त अनुदान २६३३२ | विशेष अनुदान २६३३३ | समपूरक अनुदान २६३३४ | कूल अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा सशर्त अनुदान २६३३२ | जम्मा विशेष अनुदान २६३३३ | जम्मा समपूरक अनुदान २६३३४ | |
| ४५ | ३०५०१०८०११ | खोटाङ | बराहपोखरी गाउँपालिका | ८०१०१३७६३ | ६९८७ | ६७८९ | २००० | ७००० | २२७७६ |
| ४६ | ३०५०१०७०११ | भोजपुर | षडानन्द नगरपालिका | ८०१०११२३३ | ७१९८ | १८३२५ | २००० | १०००० | ३७५२३ |
| ४७ | ३०५०१०७०११ | भोजपुर | साल्पासिलिछो गाउँपालिका | ८०१०१३४३३ | ६९८२ | १०३६३ | २५९१ | १०००० | २९९३६ |
| ४८ | ३०५०१०७०११ | भोजपुर | टेम्केमैयुङ गाउँपालिका | ८०१०१३४०३ | ६९८७ | १०७६७ | २४४२ | १०००० | ३०१९६ |
| ४९ | ३०५०१०७०११ | भोजपुर | भोजपुर नगरपालिका | ८०१०११२२३ | ७१७७ | २६६४६ | ६५९१ | १०००० | ५०४१४ |
| ५० | ३०५०१०७०११ | भोजपुर | अरुण गाउँपालिका | ८०१०१३३८३ | ६९८० | १२०८५ | २००० | १०००० | ३१०६५ |
| ५१ | ३०५०१०७०११ | भोजपुर | पौवा दुङ्मा गाउँपालिका | ८०१०१३४१३ | ६९९० | ११३८१ | २००० | १०००० | ३०३७१ |
| ५२ | ३०५०१०७०११ | भोजपुर | रामप्रसाद राई गाउँपालिका | ८०१०१३४२३ | ६९९१ | ९२६५ | २००० | १०००० | २८२५६ |
| ५३ | ३०५०१०७०११ | भोजपुर | हतुवागढी गाउँपालिका | ८०१०१३४४३ | ७००६ | १५३५१ | २००० | १०००० | ३४३५७ |
| ५४ | ३०५०१०७०११ | भोजपुर | आमचोक गाउँपालिका | ८०१०१३३९३ | ६९९८ | १४०२९ | २००० | १६५०० | ३९५२७ |
| ५५ | ३०५०१०६०११ | धनकुटा | महालक्ष्मी नगरपालिका | ८०१०११२६३ | ६९८० | २१०१५ | ३४४२ | १०००० | ४१४३७ |
| ५६ | ३०५०१०६०११ | धनकुटा | पाख्रिबास नगरपालिका | ८०१०११२५३ | ६९७४ | १०३२० | ३५९१ | १०००० | ३०८८५ |
| ५७ | ३०५०१०६०११ | धनकुटा | छथर जोरपाटी गाउँपालिका | ८०१०१३४७३ | ६९७७ | १२७७० | ३००० | ७००० | २९७४७ |
| ५८ | ३०५०१०६०११ | धनकुटा | धनकुटा नगरपालिका | ८०१०११२४३ | ७३९५ | ५३०८० | ७००० | १०००० | ७७४७५ |
| ५९ | ३०५०१०६०११ | धनकुटा | सहिदभूमी गाउँपालिका | ८०१०१३४५३ | ६९८५ | १६०९० | ३४९१ | १०००० | ३६५६६ |
| ६० | ३०५०१०६०११ | धनकुटा | साँगुरीगढी गाउँपालिका | ८०१०१३४८३ | ६९६५ | १०३२५ | ३००० | १२००० | ३२२९० |

| सि.नं. | कार्यालय कोड नं. | जिल्ला | स्थानिय तहको नाम | ब.उ.शी.नं. | वित्तीय समानीकरण अनुदान २६३३१ | सशर्त अनुदान २६३३२ | विशेष अनुदान २६३३३ | समपूरक अनुदान २६३३४ | कूल अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा सशर्त अनुदान २६३३२ | जम्मा विशेष अनुदान २६३३३ | जम्मा समपूरक अनुदान २६३३४ | |
| ६१ | ३०५०१०६०११ | धनकुटा | चौविसे गाउँपालिका | ८०१०१३४६३ | ६९६९ | १६७०० | ५५०० | १०००० | ३९१६९ |
| ६२ | ३०५०१०५०११ | तेह्रथुम | आठराई गाउँपालिका | ८०१०१३३४३ | ६९८४ | २०३१५ | २५९१ | १०००० | ३९८९० |
| ६३ | ३०५०१०५०११ | तेह्रथुम | फेदाप गाउँपालिका | ८०१०१३३६३ | ६९७९ | १४५३० | २००० | १०००० | ३३५०९ |
| ६४ | ३०५०१०५०११ | तेह्रथुम | मेन्छयायेम गाउँपालिका | ८०१०१३३७३ | ६९७० | १३५७२ | २००० | १०००० | ३२५४२ |
| ६५ | ३०५०१०५०११ | तेह्रथुम | म्याङ्गलुङ्ग नगरपालिका | ८०१०११२०३ | ६९५९ | १४७६५ | ६००० | १०००० | ३७७२४ |
| ६६ | ३०५०१०५०११ | तेह्रथुम | लालीगुराँस नगरपालिका | ८०१०११२१३ | ६९७३ | १२९७५ | २४४२ | ० | २२३९० |
| ६७ | ३०५०१०५०११ | तेह्रथुम | छथर गाउँपालिका | ८०१०१३३५३ | ६९७२ | २३२९५ | २५९१ | १०००० | ४२८५८ |
| ६८ | ३०५०१०२०११ | पाँचथर | याङवरक गाउँपालिका | ८०१०१३१४३ | ६९६७ | २०३०० | ७४४२ | १०००० | ४४७०९ |
| ६९ | ३०५०१०२०११ | पाँचथर | हिलिहाङ्ग गाउँपालिका | ८०१०१३१५३ | ७००४ | ८११५ | ३००० | १०००० | २८११९ |
| ७० | ३०५०१०२०११ | पाँचथर | फालेलुङ्ग गाउँपालिका | ८०१०१३११३ | ६९९५ | १५०२८ | ३००० | १०००० | ३५०२३ |
| ७१ | ३०५०१०२०११ | पाँचथर | फिदिम नगरपालिका | ८०१०११०२३ | ७६२३ | ५०६७० | ७५०० | १०००० | ७५७९३ |
| ७२ | ३०५०१०२०११ | पाँचथर | फाल्गुनन्द गाउँपालिका | ८०१०१३१२३ | ७००२ | २८९१० | १२००० | १५००० | ६२९१२ |
| ७३ | ३०५०१०२०११ | पाँचथर | कुम्मायक गाउँपालिका | ८०१०१३०९३ | ६९८८ | १४२२५ | ३२९१ | १०००० | ३४५०४ |
| ७४ | ३०५०१०२०११ | पाँचथर | तुम्बेवा गाउँपालिका | ८०१०१३१०३ | ६९९३ | १२८८३ | ३१९१ | १०००० | ३३०६७ |
| ७५ | ३०५०१०२०११ | पाँचथर | मिक्लाजुङ गाउँपालिका | ८०१०१३१३३ | ७००४ | २१५३२ | ६५०० | ३०००० | ६५०३६ |
| ७६ | ३०५०१०३०११ | इलाम | माई जोगमाई गाउँपालिका | ८०१०१३१८३ | ६९७२ | १६४६१ | २५९१ | १०००० | ३६०२४ |

| सि.नं. | कार्यालय कोड नं. | जिल्ला | स्थानिय तहको नाम | ब.उ.शी.नं. | वित्तीय समानीकरण अनुदान २६३३१ | सशर्त अनुदान २६३३२ | विशेष अनुदान २६३३३ | समपूरक अनुदान २६३३४ | कूल अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा सशर्त अनुदान २६३३२ | जम्मा विशेष अनुदान २६३३३ | जम्मा समपूरक अनुदान २६३३४ | |
| ७७ | ३०५०१०३०११ | इलाम | सन्दकपुर गाउँपालिका | ८०१०१३२१३ | ६९५६ | १६९७१ | २००० | १०००० | ३५९२७ |
| ७८ | ३०५०१०३०११ | इलाम | ईलाम नगरपालिका | ८०१०११०३३ | ७५९२ | २८६१८ | ६८०१ | १०००० | ५३०११ |
| ७९ | ३०५०१०३०११ | इलाम | देउमाई नगरपालिका | ८०१०११०४३ | ७१७९ | १७५७३ | २५९१ | १०००० | ३७३४३ |
| ८० | ३०५०१०३०११ | इलाम | फाकफोकथुम गाउँपालिका | ८०१०१३१७३ | ६९८८ | १३८७३ | २००० | १०००० | ३२८६१ |
| ८१ | ३०५०१०३०११ | इलाम | माङसेबुङ गाउापालिका | ८०१०१३१९३ | ६९७९ | १३७०५ | २००० | १०००० | ३२६८४ |
| ८२ | ३०५०१०३०११ | इलाम | चुलाचुली गाउँपालिका | ८०१०१३१६३ | ६९९१ | १७१६७ | २५९१ | १०००० | ३६७४९ |
| ८३ | ३०५०१०३०११ | इलाम | माई नगरपालिका | ८०१०११०५३ | ७२०२ | १८५०२ | ६०९१ | १०००० | ४१७९५ |
| ८४ | ३०५०१०३०११ | इलाम | सूर्योदय नगरपालिका | ८०१०११०६३ | ७७६९ | ७२५३० | २००० | १०००० | ९२२९९ |
| ८५ | ३०५०१०३०११ | इलाम | रोङ गाउँपालिका | ८०१०१३२०३ | ६९७३ | २०८६० | २००० | १०००० | ३९८३३ |
| ८६ | ३०५०११२०११ | झापा | मेचीनगर नगरपालिका | ८०१०१११३३ | ८९२३ | ७६८१० | २६८२ | १६५०० | १०४९१५ |
| ८७ | ३०५०११२०११ | झापा | बुद्धशान्ति गाउँपालिका | ८०१०१३२७३ | ७४२६ | ३४१९० | १५०० | १०००० | ५३११६ |
| ८८ | ३०५०११२०११ | झापा | अर्जुनधारा नगरपालिका | ८०१०११०७३ | ७८३४ | २५४३० | ५५९१ | १४००० | ५२८५५ |
| ८९ | ३०५०११२०११ | झापा | कन्काई नगरपालिका | ८०१०११०८३ | ७३९९ | २०६४० | २०९१ | १७००० | ४७१३० |
| ९० | ३०५०११२०११ | झापा | शिवसताक्षी नगरपालिका | ८०१०१११४३ | ७८३२ | ३८८८५ | २०९१ | १०००० | ५८८०८ |
| ९१ | ३०५०११२०११ | झापा | कमल गाउँपालिका | ८०१०१३२३३ | ७४२२ | ३६२३७ | १५०० | १०००० | ५५१५९ |
| ९२ | ३०५०११२०११ | झापा | दमक नगरपालिका | ८०१०१११०३ | ८२९२ | २६८३० | २०९१ | १०००० | ४७२१३ |

| सि.नं. | कार्यालय कोड नं. | जिल्ला | स्थानिय तहको नाम | ब.उ.शी.नं. | वित्तीय समानीकरण अनुदान २६३३१ | सशर्त अनुदान २६३३२ | विशेष अनुदान २६३३३ | समपूरक अनुदान २६३३४ | कूल अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा सशर्त अनुदान २६३३२ | जम्मा विशेष अनुदान २६३३३ | जम्मा समपूरक अनुदान २६३३४ | |
| ९३ | ३०५०११२०११ | झापा | गौरादह नगरपालिका | ८०१०११०९३ | ७६३३ | ३९०१९ | २०९१ | १०००० | ५८७४३ |
| ९४ | ३०५०११२०११ | झापा | गौरिगञ्ज गाउँपालिका | ८०१०१३२४३ | ७२२१ | १२१४९ | १५०० | १०००० | ३०८७० |
| ९५ | ३०५०११२०११ | झापा | झापा गाउँपालिका | ८०१०१३२५३ | ७२२६ | १०३५० | १५०० | १०००० | २९०७६ |
| ९६ | ३०५०११२०११ | झापा | बाह्रदशी गाउँपालिका | ८०१०१३२६३ | ७२२२ | ३०१८० | १५०० | १०००० | ४८९०२ |
| ९७ | ३०५०११२०११ | झापा | बिर्तामोड नगरपालिका | ८०१०१११३ | ८२९४ | ५९८२० | २४२१ | १०००० | ८०५३५ |
| ९८ | ३०५०११२०११ | झापा | हल्दीबारी गाउँपालिका | ८०१०१३२८३ | ७१९४ | १२८७० | २०९१ | १०००० | ३२१५५ |
| ९९ | ३०५०११२०११ | झापा | भद्रपुर नगरपालिका | ८०१०१११२३ | ८०६९ | ३६३७० | ६००० | १०००० | ६०४३९ |
| १०० | ३०५०११२०११ | झापा | कचनकवल गाउँपालिका | ८०१०१३२२३ | ७४३५ | २३४१० | २०९१ | १०००० | ४२९३६ |
| १०१ | ३०५०११३०११ | मोरङ | मिक्लाजुङ्ग गाउँपालिका | ८०१०१३६२३ | ७१९० | २९१४४ | २४०० | १०००० | ४८७३४ |
| १०२ | ३०५०११३०११ | मोरङ | लेटाङ नगरपालिका | ८०१०११३६३ | ७१६९ | २०००८ | १५०० | १०००० | ३८६७७ |
| १०३ | ३०५०११३०११ | मोरङ | केराबारी गाउँपालिका | ८०१०१३५७३ | ७१७७ | १३१८३ | ३०९१ | १०००० | ३३४५१ |
| १०४ | ३०५०११३०११ | मोरङ | सुन्दरहरैंचा नगरपालिका | ८०१०११३८३ | ८२६८ | ३६२२३ | ३५९१ | १०००० | ५८०८२ |
| १०५ | ३०५०११३०११ | मोरङ | बेलबारी नगरपालिका | ८०१०११३३३ | ८०५१ | ३९३४७ | ३००० | १५००० | ६५३९८ |
| १०६ | ३०५०११३०११ | मोरङ | कानेपोखरी गाउँपालिका | ८०१०१३५६३ | ७४२७ | २३९४५ | १५०० | १५००० | ४७८७२ |
| १०७ | ३०५०११३०११ | मोरङ | पथरी शनिश्चरे नगरपालिका | ८०१०११३२३ | ७८५३ | ४४६१७ | ५५९१ | १५००० | ७३०६१ |
| १०८ | ३०५०११३०११ | मोरङ | उर्लाबारी नगरपालिका | ८०१०११३१३ | ७६४० | २४८७८ | २९९१ | १०००० | ४५५०९ |

| सि.नं. | कार्यालय कोड नं. | जिल्ला | स्थानिय तहको नाम | ब.उ.शी.नं. | वित्तीय समानीकरण अनुदान २६३३१ | सशर्त अनुदान २६३३२ | विशेष अनुदान २६३३३ | समपूरक अनुदान २६३३४ | कूल अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा सशर्त अनुदान २६३३२ | जम्मा विशेष अनुदान २६३३३ | जम्मा समपूरक अनुदान २६३३४ | |
| १०९ | ३०५०११३०११ | मोरङ | रतुवामाई नगरपालिका | ८०१०११३५३ | ७८५५ | २९३२३ | २०९१ | १०००० | ४९२६९ |
| ११० | ३०५०११३०११ | मोरङ | सुनवर्षी नगरपालिका | ८०१०११३७३ | ७६६४ | २३५०६ | २०९१ | १०००० | ४३२६१ |
| १११ | ३०५०११३०११ | मोरङ | रंगेली नगरपालिका | ८०१०११३४३ | ७६५१ | २११९६ | १५०० | २५००० | ५५३४७ |
| ११२ | ३०५०११३०११ | मोरङ | ग्रामथान गाउँपालिका | ८०१०१३५८३ | ७२२१ | २३६०२ | १५०० | १०००० | ४२३२३ |
| ११३ | ३०५०११३०११ | मोरङ | बुढीगंगा गाउँपालिका | ८०१०१३६१३ | ७४४५ | २७६२० | २०९१ | २०००० | ५७१५६ |
| ११४ | ३०५०११३०११ | मोरङ | बिराटनगर महानगरपालिका | ८०१०१०११३ | ११२७० | १२१२८१ | १३४१४ | १०००० | १५५९६५ |
| ११५ | ३०५०११३०११ | मोरङ | कटहरी गाउँपालिका | ८०१०१३५५३ | ७४५१ | २४५७८ | २०९१ | १२००० | ४६१२० |
| ११६ | ३०५०११३०११ | मोरङ | धनपालथान गाउँपालिका | ८०१०१३६०३ | ७४५१ | २६०६१ | २०९१ | १०००० | ४५६०३ |
| ११७ | ३०५०११३०११ | मोरङ | जहदा गाउँपालिका | ८०१०१३५९३ | ७४६६ | २३४७८ | १५०० | १०००० | ४२४४४ |
| ११८ | ३०५०११४०११ | सुनसरी | धरान उपमहानगरपालिका | ८०१०१०३२३ | ९५६८ | ८४६१९ | ६५२९१ | १०००० | १६९४७८ |
| ११९ | ३०५०११४०११ | सुनसरी | बराह नगरपालिका | ८०१०११२९३ | ८२७७ | ३७४०२ | २६८२ | १७००० | ६५३६१ |
| १२० | ३०५०११४०११ | सुनसरी | कोशी गाउँपालिका | ८०१०१३४९३ | ७४७२ | १२५६३ | २५०० | १०००० | ३२५३५ |
| १२१ | ३०५०११४०११ | सुनसरी | भोक्राहा गाउँपालिका | ८०१०१३५३३ | ७४६३ | ५९११ | १५०० | १०००० | २४८७४ |
| १२२ | ३०५०११४०११ | सुनसरी | रामधुनी नगरपालिका | ८०१०११३०३ | ७६५९ | ३३७४२ | २५०० | १५००० | ५८९०१ |
| १२३ | ३०५०११४०११ | सुनसरी | ईटहरी उपमहानगरपालिका | ८०१०१०३१३ | ९६०० | ७१०२० | १५४८२ | १०००० | १०६१०२ |
| १२४ | ३०५०११४०११ | सुनसरी | दुहबी नगरपालिका | ८०१०११२८३ | ७८७७ | २३५९३ | ३०९१ | १८००० | ५२५६१ |

| सि.नं. | कार्यालय कोड नं. | जिल्ला | स्थानिय तहको नाम | ब.उ.शी.नं. | वित्तीय समानीकरण अनुदान २६३३१ | सशर्त अनुदान २६३३२ | विशेष अनुदान २६३३३ | समपूरक अनुदान २६३३४ | कूल अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा सशर्त अनुदान २६३३२ | जम्मा विशेष अनुदान २६३३३ | जम्मा समपूरक अनुदान २६३३४ | |
| १२५ | ३०५०११४०११ | सुनसरी | गढी गाउँपालिका | ८०१०१३५०३ | ७२३६ | १५३६० | २५०० | १०००० | ३५०९६ |
| १२६ | ३०५०११४०११ | सुनसरी | इनरुवा नगरपालिका | ८०१०११२७३ | ७८८१ | ४४८३५ | ७०३३ | १०००० | ६९७४९ |
| १२७ | ३०५०११४०११ | सुनसरी | हरिनगरा गाउँपालिका | ८०१०१३५४३ | ७४६३ | १५४६३ | २९९१ | १०००० | ३५९१७ |
| १२८ | ३०५०११४०११ | सुनसरी | देवानगन्ज गाउँपालिका | ८०१०१३५१३ | ७४४७ | १३४६९ | १५०० | १०००० | ३२४१६ |
| १२९ | ३०५०११४०११ | सुनसरी | बर्जु गाउँपालिका | ८०१०१३५२३ | ७२२७ | १२३०७ | १५०० | १०००० | ३१०३४ |
| १३० | ३०५०१११०११ | उदयपुर | बेलका नगरपालिका | ८०१०११४५३ | ७४१७ | ३३८१७ | २००० | १०००० | ५३२३४ |
| १३१ | ३०५०१११०११ | उदयपुर | चौदण्डीगढी नगरपालिका | ८०१०११४३३ | ७५९५ | २२१४० | २५९१ | १०००० | ४२३२६ |
| १३२ | ३०५०१११०११ | उदयपुर | त्रियुगा नगरपालिका | ८०१०११४४३ | ८३८८ | ६०२६५ | ७०३३ | १०००० | ८५६८६ |
| १३३ | ३०५०१११०११ | उदयपुर | रौतामाई गाउँपालिका | ८०१०१३८०३ | ६९९३ | २२४९३ | २००० | १०००० | ४१४८६ |
| १३४ | ३०५०१११०११ | उदयपुर | लिम्चुङ्बुङ गाउँपालिका | ८०१०१३८१३ | ६९८४ | ११६६० | २००० | १०००० | ३०६४४ |
| १३५ | ३०५०१११०११ | उदयपुर | ताप्ली गाउँपालिका | ८०१०१३७९३ | ६९९५ | ८८७४ | २००० | १०००० | २७८६९ |
| १३६ | ३०५०१११०११ | उदयपुर | कटारी नगरपालिका | ८०१०११४२३ | ७७६३ | २७६२२ | २५९१ | १०००० | ४७९७६ |
| १३७ | ३०५०१११०११ | उदयपुर | उदयपुरगढी गाउँपालिका | ८०१०१३७८३ | ७२४३ | १९८७५ | २५९१ | १०००० | ३९७०९ |
| | | | जम्मा | | ९९९९९८ | २९९१७५० | ४९९४८९ | १५००००० | ५९९१२३७ |

# ४ बित्तीय क्षेत्र

४.१ पछिल्ला वर्षहरुमा यस प्रदेशमा वित्तीय क्षेत्रमा द्रुत विस्तार हुँदै गएको छ । बैंकिङ्ग, वीमा तथा पुँजी बजारमा नागरीकको पहुँच बढ्दै गएको छ । वित्तीय प्रणालीमा स्थायीत्व कायम हुनुका साथै वित्तीय साधनहरु उत्पादनमूखी हुँदै गएका छन् । कर्जाको व्याजदरमा सुधार हुँदै लगानी प्रोत्साहन भएको छ । वित्तीय सेवा ग्रामीणमुखी तथा सूचना प्रविधिमा आधारित हुँदैछ । पुँजी बजारको दायरा समेत फराकिलो हुँदै कारोबारमा विद्युतीय प्रणालीको उपयोग बढ्दै गएको छ ।

४.२ प्रदेश सरकारको पुँजीगत खर्च गर्ने क्षमतामा सुधार हुँदै गएको छ । स्थापनाको शुरुवाती चरणमै कुल खर्च मध्ये पुँजीगत खर्चको अंश सन्तोषजनक देखिएको छ । आर्थिक वर्ष २०७४/७५ मा प्रदेश सरकराको कुल खर्च मध्ये पुँजीगत खर्चमा औषत अंश ४३.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा सो अंश बढेर ५४.८ प्रतिशत पुगेको थियो । आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकारबाट प्रदेश सरकारलाई रु. १ खर्ब ५८ अर्ब ९८ करोड बित्तीय स्रोत हस्तान्तरण भएकोमा रु १ खर्व १२ अर्व ९ करोड अर्थात ७० प्रतिशत खर्च भएको थियो

४.३ आर्थिक वर्ष २०७४/७५ मा संघीय सरकारबाट प्रदेश सरकारलाई एकमुष्ट अनुदान रु ७ अर्ब १५ करोड हस्तान्तरण भएकोमा आर्थिक वर्षको अन्त्यसम्म रु २ अर्ब ३६ करोड खर्च भएको थियो । उक्त रकम हस्तान्तरण भएको रकमको ३३.० प्रतिशत हो । आ.व. २०७५/७६ मा प्रदेश नं. १ को कुल खर्च ६५.२८ र पुँजीगत खर्चको अंश ९.२२ थियो भने चालु आ.व. २०७६/७७ मा कुल खर्च २१२०.२९ र पुँजीगत खर्चको अंश १०.२० रहने प्रक्षेपण गरिएको छ ।

**तालिकाः ४ क प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृति**

| प्रदेश | आ.व. २०७५/७६ | | | आ.व. २०७६/७७ | | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | भार | पुँजीगत खर्चको अंश | कुल खर्च | भार | पुँजीगत खर्चको अंश |
| प्रदेश १ | ६५.२८ | ०.२८ | ९.२२ | २१२०.२९ | ०.१९ | १०.२० |

*श्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७६*

२०७७ बैशाखसम्म यस प्रदेशको पूँजीगत खर्च अन्य प्रदेश र संघ भन्दा बढी रहेको छ ।

४.४ चालु आर्थिक वर्षको फागुनसम्म प्रदेशको कुल खर्च विनियोजित बजेटको २० प्रतिशत रहेको छ। कुल खर्च मध्ये चालु खर्च र पुँजीगत खर्चको अंश क्रमशः ४६.५ प्रतिशत र ५३.५ प्रतिशत रहेको छ । यस अवधिको कुल खर्चमा प्रदेश १ को खर्च भार उच्च रहेको छ, जस अनुसार प्रदेश नं. १ को कुल बजेट ४२ करोड २० लाख मध्ये कुल खर्च ११ करोड ७८ लाख, चालु खर्च ४ करोड ३२ लाख तथा पुँजीगत खर्च ७ करोड ४५ लाख रहेको छ ।

**तालिकाः ४ ख प्रदेशगत बजेट र स्थिति**

| प्रदेश | बजेट | कुल खर्च | खर्च भार | चालु विनियोजन | चालु खर्च | पुँजीगत विनियोजन | पुँजीगत खर्च |
|---|---|---|---|---|---|---|---|
| प्रदेश १ | ४२२०.०४० | ११७८.६०० | ०.२२७ | १८५४.६५० | ४३२.७१० | २३५७.३९० | ७४५.८९० |

*श्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७६*

**बैंक तथा वित्तिय संस्थाको स्थिती**

४.५ प्रदेश नं. १ मा "क" वर्गको वाणिज्य बैंकको संख्या ७०३, "ख" वर्गको विकास बैंकको संख्या १७३, "ग" वर्ग वित्त कम्पनीको संख्या ४३, लघुवित्तको संख्या ६८७ गरी जम्मा १६०६ रहेको छ । पछिल्ला वर्षहरुमा बैंक तथा वित्तीय संस्थाको शाखा विस्तारमा उल्लेख्य प्रगति भएको छ ।

**तालिकाः ४ ग बैंक तथा वित्तिय संस्थाको शाखा संख्या २०७६ चैत्रमसान्तसम्म**

| प्रदेश | वाणिज्य बैंक (क वर्ग) | विकास बैंक (ख वर्ग) | वित्त कम्पनी (ग वर्ग) | लघुवित्त | जम्मा |
|---|---|---|---|---|---|
| प्रदेश १ | ७०३ | १७३ | ४३ | ६८७ | १६०६ |

*श्रोतः नेपाल राष्ट्र बैंक, २०७६*

**बीमा**


४.६ आर्थिक वर्ष २०७६/७७ को फागुनसम्म जीवन बिमा कम्पनी १९, निर्जीवन बिमा कम्पनी २० र पुनर्बीमा कम्पनी १ गरी जम्मा बीमा कम्पनी संख्या ४० रहेको छ । बीमा कम्पनीहरुको बीमा शुल्क वृद्धि हुँदै गएको छ । जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको लगानी योग्य रकम क्रमशः वृद्धि हुँदै गएको छ । प्रदेश नं. १ मा जीवन तथा निर्जीवन विमकको जम्मा जीवन वीमा संख्या ३२३, निर्जीवन वीमा संख्या १८७ गरी जम्मा संख्या ५१० रहेको छ

**तालिकाः ४ घ जीवन तथा निर्जीवन विमकको संख्या**

| प्रदेश | जीवन बीमा | निर्जीवन बीमा | जम्मा |
|---|---|---|---|
| प्रदेश १ | ३२३ | १८७ | ५१० |

*श्रोतः राष्ट्रिय बीमा समिति, २०७६*

**चार्टः ४ क जीवन तथा निर्जीवन विमकको संख्या**




*श्रोतः राष्ट्रिय बीमा समिति, २०७६*

# ५ गरिबी निवारण र रोजगारी

## गरिबी निवारण

५.१ नेपालको संविधानले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दै सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने नीति अंगीकार गरेको छ । नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा आर्थिक वृद्धि सहित न्यायोचित वितरणको आर्थिक उद्देश्य लिएको छ । गरीबीको वितरण भौगोलिक र क्षेत्रीय रूपमा मात्र नभई जातीय रूपमा समेत असमान रहेको देखिन्छ ।

५.२ नवौं आवधिक योजना देखि गरिबी निवारणलाई प्रमुख उद्देश्यको रुपमा राखिदै आएको छ । आवधिक योजनाहरुले संचालन गरेका गरिबी न्यूनीकरणका कार्यक्रमहरु, सामाजिक सुरक्षा कार्यक्रम र विप्रेषणको उपभोगका कारणले गरिबी न्यूनीकरण तथा मानव विकास सूचकांकमा उल्लेखनीय रुपमा सुधार भएको छ । विकासका आयाममा गरिबी निवारण अन्तर्गत सम्बन्धित बिषय भएकोले विकासका हरेक क्रियाकलाप र आयोजनाहरुलाई गरिबी निबारण लक्ष्यसँग आवद्ध गरी कार्यान्वयन गर्न सकिएमा गरिबी निवारणमा सघाउ पुग्ने विश्वास गर्न सकिन्छ । प्रदेश नं १ मा बहुआयामिक गरिबीको दर राष्ट्रिय औसत दर भन्दा उच्च रहेको छ ।

५.३ बहुआयामिक गरीबी राष्ट्रिय औसत २८.६% रहेको छ भने यस प्रदेशको बहुआयामिक गरीबी १९.७% छ । शहरी क्षेत्रमा निरपेक्ष गरिबी कम देखिए पनि गरिबीको सघनता उच्च रहेको छ । ग्रामीण क्षेत्रमा निरपेक्ष गरिबी उच्च रहेको छ । पन्ध्रौं योजनामा गरिबी निवारणलाई राष्ट्रिय रणनीतिको रुपमा अंगीकार गरेसँगै संघ, प्रदेश र स्थानीय तहका सरकारबाट गरिबी निवारणका लागि लक्षित कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । गरीबीको गहनता दलित, जनजाति, पिछडिएको क्षेत्र र महिलामा बढीरहेको देखिन्छ । चालु आर्थिक वर्षको पछिल्ला महिनाहरुमा भने कोभिड - १९ प्रकोपका कारण गरिबी र बेरोजगारीमा चाप परेको अनुमान छ ।

तालिकाः ५ क गरिबी तथा मानव विकास सूचकांक

| प्रदेश | बहु आयामिक गरिबीको दर (प्रतिशत) | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरिबहरुको संख्या | मानव विकास सूचकाङ्ग (राष्ट्रिय स्तरमा) |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | १९.७ | १६.० | ३.६ | १.१ | ७१८३६२ | ०.५०४ |

*श्रोतः नेपाल राष्ट्र बैंक, २०७४*

**रोजगारी**

५.४ नेपालको संविधानले रोजगारीको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । संविधानमा सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकको हक, अधिकार र विवाद सम्बन्धी कार्यलाई संघ तथा प्रदेशको साझा अधिकार क्षेत्रभित्र रहेको छ । दिगो विकासका लक्ष्य पुरा गर्न पूर्ण र उत्पादनशील रोजगारी र सबैका लागि सम्मानजनक काम उपलब्ध गराउनु पर्ने, सन् २०३० सम्ममा बालश्रमलाई पूर्ण रूपमा उन्मूलन गर्नुपर्ने तथा अर्ध बेरोजगारीलाई १० प्रतिशत भन्दा कममा ल्याउनु पर्ने भएको छ ।

५.५ यस प्रदेशमा जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार १५ देखि ४९ वर्ष उमेरका ७५.८ महिला कृषिमा संलग्न छ भने सोही उमेरका ३१.२ प्रतिशत पुरुष मात्र कृषि कर्ममा छन् । कुनै पनि शिक्षा नभएका ४१.८ प्रतिशत पुरुष कृषिमा लागेका देखिन्छ । उक्त सर्वेक्षणका आधारमा हेर्दा १५ देखि ४९ वर्ष उमेरका ३१ प्रतिशत महिला र १९.१ प्रतिशत पुरुष यस प्रदेशमा बेरोजगार छन् । १५ देखि ५९ वर्षका २७.८ प्रतिशत मानिस अर्ध बेरोजगारीको स्थितिमा छन्, जस मध्ये एकचौथाई काम गरेपनि गरीबीको अवस्थामा छन् ।

५.६ यस प्रदेशबाट वैदेशिक रोजगारीमा जाने सङ्ख्याको अनुपात २५.५१ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीमा जाने अधिकसङ्ख्या रहेका १० जिल्लामध्ये प्रदेशमा तीन जिल्ला (झापा, मोरङ र सुनसरी) पर्दछन् । महिला वैदेशिक रोजगारीमा जाने अधिकतम १० जिल्ला मध्ये चारवटा जिल्ला (झापा, मोरङ, इलाम र सुनसरी) पर्दछन् ।

५.७ रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को व्यवस्था कार्यान्वयन अनुसार प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरुको पहिचान र सूचीकरण गर्न तथा रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूति गरेको छ ।

५.८ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७५/७६ मा सबैं प्रदेशका ६४६ स्थानीय तहमा विभिन्न कार्यक्रमहरु संचालन भई १ लाख ८८ हजार व्यक्तिहरुले औषत १२.४३ दिन रोजगार पाएका थिए । संख्याको हिसाबले प्रदेश नं. १ रोजगारी प्रदान गर्ने प्रदेशहरुमा पाँचौ स्थानमा रहेको थियो ।

**तालिकाः ५ ख प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण**

| प्रदेश | स्थानीय तहको संख्या | कार्यक्रम सञ्चालन गरेका स्थानीय तहको संख्या | सञ्चालन नगरेका स्थानीय तहको संख्या | आयोजना संख्या | रोजगारी प्रदान गरिएका व्यक्तिहरुको संख्या | रोजगारी प्रदान गरिएको औसत दिन | जम्मा रोजगारी दिन |
|---|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १३७ | ११५ | २२ | १३४७ | २१३६३ | १४.९४ | ३१९२१० |

*श्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७६*

### रोजगार लक्षित कार्यक्रमहरु

५.९ प्रदेश नं. १ का ८ जिल्ला, प्रदेश नं. २ का ७ जिल्ला र बागमती प्रेशको सिन्धुलीमा संचालित ग्रामिण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) अन्तर्गत वैदेशिक

रोजगारीमा जाने १८ हजार ६ सय २३ युवाहरुलाई परामर्श प्रदान गरिएको छ । साथै, वैदेशिक रोजगारीबाट फर्केका कामदार तथा आप्रवासनमा रहेका व्यक्तिका घर परिवारलाई बिउ पुँजी सहित उद्मशीलता विकास तथा आपूर्ति श्रृंखला आवद्ध गराउने कार्य शुरु भएको छ ।

### आर्थिक रुपले सक्रिय जनसंख्या

५.१० यस प्रदेश नं. १ मा आर्थिक रुपले सकृय जनसंख्या १९४९१६४ रहेको छ । जुन प्रदेशको कुल जनसंख्याको ४३ प्रतिशत हुन आउँछ । यस प्रदेशको श्रमिकको उत्पादकत्व रु ११३५९२ रहेको छ ।

**तालिकाः ५ ग श्रमिकको उत्पादकत्व तथा रोजगारी**

| प्रदेश | आर्थिक रुपले सक्रिय जनसंख्या | आर्थिक रुपले सक्रिय जनसंख्या (प्रतिशत) | श्रमिकको उत्पादकत्व (रु मा) | उत्पादकत्व (राष्ट्रिय तुलनामा) | उत्पादकत्व (काठमाडौको तुलनामा) | वैदेशिक रोजगारीमा गएको संख्या (२००८- २०१५) |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | १९४९१६४ | ४३.० | ११३५९२ | ९६.२ | ३५.५ | ६१४७२४ |

*श्रोतः मानव विकास प्रतिवेदन, २०१४*

# ६ सुशासन तथा सामान्य प्रशासन

६.१ प्रदेश र यस प्रदेश भित्र रहेका स्थानीय तहबाट उपलब्ध गराइने सार्वजनिक सेवालाई सरल, सहज र समयानुकुल बनाउन तहगत संगठन संरचना र जनशक्ति व्यवस्थापनबाट शान्ती सुरक्षा अभिवृद्धि भएको छ । समसामयिक कानूनी र प्रशासनिक सुधार, अनलाइन सेवाको विस्तार, कार्यालय संचालन प्रणाली, नतिजाउन्मूख अनुगमन/मूल्यांकन प्रणाली र कार्यसम्पादन करारले सार्वजनिक पदाधिकारीहरुलाइ अझ बढी जिम्मेवार र जवाफदेही बनाई सुशासन र शासकीय स्वच्छतामा अभिवृद्धि भएको छ ।

६.२ प्रादेशिक गौरवका आयोजनाहरुको सघन अनुगमन, प्रत्यक्ष संवाद, सूचना आदान प्रदान र समन्वय गर्न प्रदेश योजना आयोगको कार्य क्षेत्रमा राखी अगाडी बढाइएको छ । साथै, यी आयोजनाहरुको निरन्तर अनुगमन गर्न सूचक सहितको प्रणाली कार्यान्वयन रहेको छ ।

६.३ सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाई सार्वजनिक सेवा सुविधामा सबै नागरिकको समान र सहज पहुँचको सुनिश्चता नै सुशासन हो । सुशासनका मुख्यमन्त्री ड्यासबोर्ड स्थापना, गुनासो व्यवस्थापन प्रणाली कार्यान्वयनमा रहेका छन् । तथापि सार्वजनिक सेवाले प्रदेशको नागरिको विश्वास एवं भरोसा प्राप्त गर्न नसकेको गुनासो रहेको छ । अतः प्रदेशको सवलीकरणका लागि प्रविधि मैत्री र उच्च मनोवल युक्त जनशक्तिबाट सार्वजनिक सेवा संचालन गर्नुपर्ने हुन्छ ।

६.४ प्रदेश सरकारको प्रशासनिक संरचना अन्तर्गत सातवटा मन्त्रालय, ११ निर्देशनालय र १३७ कार्यालय गरी १५५ कार्यालय रहेका छन् । सो अन्तर्गत विभिन्न पदका ३,८८२ दरबन्दी रहेको छ जसमध्ये ५५ प्रतिशत पदपूर्ति भएको छ

६.५ हाल सम्म प्रदेश नं. १ ले जारी गरेका ऐन तथा कानुनहरु गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५, प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४, प्रदेशको सार्वजनिक लिखत प्रमाणीकरण गर्न बनेको ऐन, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, प्रदेश नं एक विनियोजन ऐन¸ २०७४, गाउँ सभा र नगर सभा संचालनको लागि व्यवस्था गर्न बनेको ऐन¸ २०७५, जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५, जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन २०७५, प्रदेश नं. १ आकस्मिक कोष संचालन ऐन, २०७५, प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश,२०७५, मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन,२०७५, मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य,अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन,२०७५, आर्थिक ऐन,२०७५, प्रदेश विनियोजन ऐन,२०७५, प्रदेश रेडियो,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन,२०७५, जिल्ला सभा ऐन,२०७५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा,व्यवहार र सुविधा सम्बन्धी ऐन,२०७५, विपद् व्यवस्थापन ऐन,२०७५, सामाजिक विकास संस्था ऐन,२०७५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५, प्रदेश नं. १ प्रदेश वित्त व्यवस्थापन ऐन,२०७५, प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन,२०७५, जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५, गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५, सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६,प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) नियमावली, २०७५, प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) नियमावली, २०७५, मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) नियमावली, २०७६ रहेका छन् ।

# ७ कृषि वन तथा भूमिसुधार

७.१ नेपालको संविधान अनुसार राज्यको आर्थिक उद्देश्य, सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै आत्मनिर्भर, उन्नतिशील, समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास मार्फत दिगो आर्थिक विकास, प्राप्त उपलब्धिको न्यायोचित वितरण, आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्नु रहेको छ । प्रदेशको समृद्धिका लागि उच्च र दिगो आर्थिक वृद्धि र त्यसको न्यायोचित वितरण मार्फत सामाजिक न्याय प्राप्त गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणमा योगदान गर्ने प्रदेशको आर्थिक नीति रहेको छ ।

**कृषि भूमिको प्रयोग र सिंचाई**

७.२ यस प्रदेशको कूल खेतीयोग्य क्षेत्रफल ७८३५९५ हेक्टर मध्ये ३८.६ प्रतिशत क्षेत्रफलमा सिंचाइको सुविधा पुगेको छ । कूल खेतीयोग्य क्षेत्रफलको ८२.९ प्रतिशत क्षेत्रफलमा मात्रै खेती गरिएको छ ।

**तालिकाः ७ क कृषि भूमिको प्रयोग र सिंचाईको स्थिति**

| प्रदेश | कुल खेतीयोग्य क्षेत्रफल (हेक्टरमा) | कुल सिंचित क्षेत्रफल (हेक्टरमा) | कुल खेती गरिएको क्षेत्रफलको तुलनामा सिंचित क्षेत्रफल (प्रतिशत) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा खेती गरिएको क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|
| प्रदेश १ | ७८३५९५ | ३०२४५८ | ३८.६ | ८२.९ |

*श्रोतः प्रदेश योजना आयोग प्रदेश नं १, २०७६*

**क्षेत्रगत उत्पादन**

७.३ प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत अंशको अन्तर ठूलो रहेको छ । प्रदेश नं १ को कृषि गार्हस्थ्य उत्पादन ३७.१४ प्रतिशत हिस्सा ओगटेको देखिन्छ ।

७.४ कृषि, उद्योग, विद्युत, ग्यास, पानी, निर्माण र सेवा क्षेत्रहरुमा समेत प्रदेशगत योगदानको अन्तर व्यापक रहेको देखिन्छ । समग्र कृषि क्षेत्रमा प्रदेश नं १ को अंश ३७.१४ प्रतिशत, उद्योग लगायत क्षेत्रको १८.२३ प्रतिशत र सेवा क्षेत्रको ४४.६३ प्रतिशत रहेको छ । यस प्रदेशको प्रति व्यक्ति आय १०७१ डलर रहेको छ ।

**तालिकाः ७ ग कृषि, उद्योग र सेवामा क्षेत्रगत उत्पादनमा प्रदेशको अंश**

| प्रदेश | कृषि क्षेत्र | उद्योग, विद्युत, ग्यास, पानी र निर्माण क्षेत्र | सेवा क्षेत्र | प्रति व्यक्ति आय (यु एस डलरमा) | कूल ग्राहस्थ्य उत्पादन (आधारभूत मूल्यमा) |
|---|---|---|---|---|---|
| प्रदेश १ | ३७.१४ | १८.२३ | ४४.६३ | १०७१ | ५ खर्ब ९५ अर्ब ७६ करोड |

*श्रोतः प्रदेश योजना आयोग प्रदेश नं १, २०७६, भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, २०७६*

७.५ प्रदेश नं. १ मा सबैभन्दा बढी उत्पादन हुन अन्न धान हो जसको प्रतिशत २२.४ मकै २९.१ प्रतिशत, कोदो ३०.९ प्रतिशत, फापर २४.३ प्रतिशत, गहुँ ९.६ प्रतिशत र जौ ६.० प्रतिशत रहेको छ ।

**तालिकाः ७ घ प्रदेश १ मा खाद्यान्न आवश्यकता (मेट्रीक टनमा)**

| प्रदेश | धान | मकै | कोदो | फापर | गहुँ | जौ |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | २२.४ | २९.१ | ३०.९ | २४.३ | ९.६ | ६.० |

*श्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७६*

**आधारभूत खाद्यान्न**

७.६ आर्थिक वर्ष २०७६/७७ मा धान बालीको कुल उत्पादन ५५ लाख ५० हजार ८ सय ७८ मेट्रिक टन मध्ये सबैभन्दा बढी २५.६ प्रतिशत प्रदेश नं. २ मा उत्पादन हुने अनुमान छ । प्रदेश नं. १ मा कुल उत्पादनको २२.४ प्रतिशत उत्पादन हुने अनुमान रहेको छ । प्रदेशगत रुपमा हेर्दा चालु आर्थिक वर्षमा धानको उत्पादन प्रदेश नं. १, कर्णाली र सुदूरपश्चिम प्रदेशमा गत आर्थिक वर्षको तुलनामा बढेको छ भने अन्य प्रदेशमा यसको उत्पादन घटेको छ ।

७.७ आर्थिक वर्ष २०७६/७७ मा मकै तथा फापर बालीको उत्पादान प्रदेश नं. १ मा क्रमशः २९.१ प्रतिशत र २४.३ प्रतिशत रहने अनुमान छ ।

**वन क्षेत्र**

७.८ नेपालको कुल क्षेत्रफल मध्ये वनक्षेत्र र अन्य काष्ठ तथा बुट्यान क्षेत्र सवैले गरी ६६ हजार २९१ वर्ग कि.मी अर्थात ४४.७४% भू–भाग ओगटेको छ । यसमा प्रदेश १ को अंश ११३३६ वर्ग कि.मी. अर्थात नेपालको लगभग १७ प्रतिशत र प्रदेशको कूल क्षेत्रफलको ४३.२४ प्रतिशत रहेको छ । नेपालको कुल वन क्षेत्रको करिव ७० प्रतिशत हिमाली र पहाडी क्षेत्रमा अवस्थित छ भनें २३ प्रतिशत चुरे क्षेत्रमा र लगभग ७ प्रतिशत मात्र तराई क्षेत्रमा रहेको छ ।प्रदेश नं. १ मा १३ स्थानीय तहमा वन क्षेत्र नरहेको स्थिति छ ।

**तालिकाः ७ ङ वनक्षेत्रको स्थानीय तहगत स्थिति**

| प्रदेश | गाउँपालिका | नगरपालिका | उप-महानगरपालिका | महानगरपालिका | कुल जम्मा |
|---|---|---|---|---|---|
| प्रदेश नं १ | १८.१ | १८.४ | १४.६ | ० | १८ |

*श्रोतः वन तथा वातावरण मन्त्रालय, २०७६*

७.९ प्रदेश नं. १ को कूल क्षेत्रफल २५९०५०० हेक्टर मध्ये ११३४२५० हेक्टर वन क्षेत्र रहेको छ । नेपालको वनको कुल क्षेत्रफल मध्ये यस प्रदेशको हिस्सा १७.१६ रहेको छ भने यस प्रदेशको कुल भूभागको ४३.२४ प्रतिशतमा बन क्षेत्र रहेको छ ।

**तालिकाः ७ च बन क्षेत्रको प्रदेशगत स्थिति**

| प्रदेश | प्रदेशको क्षेत्रफल (हेक्टर) | बन क्षेत्र(हेक्टर) | कुल वन क्षेत्रको हिस्सा(प्रतिशत) | प्रदेशको कुल भूभागको तुलनामा बनको क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|
| प्रदेश नं. १ | २५९०५०० | ११३४२५० | १७.१६ | ४३.२४ |

*श्रोतः वन तथा वातावरण मन्त्रालय, २०७६*

७.१० यस प्रदेशमा ४५९८ बटा सामुदायिक वन (क्षेत्रफल ४३२४९२ हे.), ९४९ बटा कबुलियती वन (क्षेत्रफल ३८८६ हे.), ३९ बटा धार्मिक वन (क्षेत्रफल ३७८ हे.) र ४ बटा साझेदारी वन (क्षेत्रफल ७,२५५ हे.) रहेका छन् । सुनसरी र धनकुटा जिल्लामा १/१ वटा चाक्ला वन व्यवस्थापन गरिएको छ । त्यस्तै गरी २ बटा राष्ट्रिय निकुञ्ज, १ बटा वन्यजन्तु आरक्ष र १ बटा संरक्षण क्षेत्र रहेका छन् । संरक्षित क्षेत्रहरुको क्षेत्रफल ४,८५८ हे. र ३ बटा मध्यवर्ती क्षेत्र (क्षेत्रफल १,२७८ हे.) रहेको छ

७.११ यस प्रदेशमा बिभिन्न प्रजातिका ५,२७,५७९.७० क्यू.फी. चिरान काठ आयात भएको पाइन्छ । आयातित काठको मुख्य हिस्सा स्थानीय बजारमा भन्दा पनि राजधानी काठमाण्डौंमा खपतका लागि गएको पाइन्छ ।

७.१२ भोजपुर, संखुवासभा, सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ्ग जिल्लाका भूकम्प प्रभावित ३१६२ परिवारहरुलाई आ.व. २०७४/७५ मा सामुदायिक वन र सरकारद्वारा व्यवस्थित वनबाट कूल ८३,६९७ क्यू.फी. काठ वितरण भएको छ ।

# ८ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

## उद्योग क्षेत्र

८.१. आर्थिक वर्ष २०७६/७७ मा यस प्रदेश नं. १ मा उद्योगमा लगानी रु. ४५२ अर्ब रहेको छ ।

८.२. National Census of Manufacturing Establishments 2011/12 का अनुसार संचालनमा रहेका कुल ४ हजार ७६ उद्योगले करिव १ लाख ९५ हजार मानिसहरुलाई रोजगारी प्रदान गरेको छ ।

**तालिकाः ८ क  प्रदेश १ मा उद्योगको स्थिती**

| प्रदेश | उद्योगको संख्या | संलग्न जनशक्ति संख्या | रोजगार संख्या | कुल स्थिर सम्पति (रु करोडमा) | मूल्य अभिवृद्धि (रु करोडमा) |
|---|---|---|---|---|---|
| प्रदेश १ | ७४० | ४१५२९ | ३९८६३ | २०४९.६ | १२०२.९ |

*श्रोतः प्रदेश योजना आयोग, २०७६/०७७*

८.३ २०७६ फाल्गुन सम्म कुल ४ लाख १ हजार २ सय ३६ लघु, घरेलु तथा साना उद्योगहरु दर्ता भइ प्रस्तावित रोजगारी २८ लाख ८ हजार ५२ सर्जना हुने देखिन्छ । प्रति उद्योग प्रस्तावित रोजगारी सिर्जना करिव ७ रहने देखिन्छ । प्रदेशगत रुपमा प्रदेश नं. १ मा ७.२ प्रतिशत उद्योगहरु दर्ता भएको देखिन्छ ।

८.४ आर्थिक वर्ष २०७५/७६ मा कुल २५ हजार ४ सय ८६ कम्पनीहरु दर्ता भएकोमा आर्थिक वर्ष २०७६/७७ को फाल्गुनसम्म १६ हजार ९ सय ४५ कम्पनीहरु दर्ता भएका छन् ।

८.५ कोरोना भाइरसको प्रभावले बन्दाबन्दी लगायतका कारणले आर्थिक वर्ष २०७६/७७ मा कुल कम्पनी दर्तामा केही कमी आउन सक्ने अनुमान छ ।

८.६ विगत १० वर्षको अवधिमा आर्थिक वर्ष २०७०/७१ मा कम्पनी दर्तामा केही कमी आए तापनि समग्रमा दर्ता बढ्दो क्रममा रहेको देखिन्छ ।

**तालिकाः ८ ख कम्पनी दर्ता संख्या**

| प्रदेश | कम्पनी संख्या | अंश (प्रतिशत) |
|---|---|---|
| प्रदेश नं. १ | १६८२१ | ७.२ |

*श्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०७६*

८.७ प्रदेश नं. १ बिराटनगर विशेष आर्थिक क्षेत्रको इन्जिनियरिङ डिजाइनको कार्य सम्पन्न भएको छ । प्रदेश नं. १ को पुग्न सकिने विशेषतः चुरे पहाड र महाभारत श्रृंखलाको सम्पूर्ण भाग र उच्च हिमाली क्षेत्रको केही भागहरुको प्रथम चरणको भौगोलिक सर्भेक्षण कार्य पुरा गरी दोश्रो चरणको नक्सांकन शुरु भएको छ ।

८.८ व्यवस्थित शहर विकास र फहोरमैला व्यवस्थापनका लागि २०७६/७७ फाल्गुनसम्म धरान र विराटनगरको भू-इन्जिनियरिङ तथा भू वातावरणीय सर्भेक्षण कार्य सम्पन्न भएको छ ।

८.९ भू-वैज्ञानिक खनिज सर्भेक्षण कार्य अन्तर्गत खोटाङ, भोजपुर, संखुवासभा, धनकुटा, तेर्‍हथुम, पाँचथर, ताप्लेजुङमा भौगर्भिक नक्सांकन तथा खनिज अन्वेषण कार्य सम्पन्न भएको छ ।

## घरेलु उद्योग

८.१० स्वदेशी श्रम, सीप, स्थानीय कच्चा पदार्थ र श्रोतको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको विकास गर्ने उद्धेश्यका साथ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनमा रहेका छन् । कार्यक्रमवाट हालसम्म १० हजार ६ सय ७४ नया लघु उद्यम संस्था विकास भएका छन् । ९६६० लघु उद्यम संस्थाहरु स्तरोन्नती भएका छन् । उद्यमशीलता विकास मार्फत गरिबीको रेखामुनि

रहेका महिला, दलित, जनजाती, मधेशी, युवा र अन्य सीमान्तकृत वर्ग र समुदायमा उद्यम व्यवसाय सिर्जना गर्नुका साथै उद्यमहरुको स्तरोन्नती गरी स्वरोजगारी/रोजगारी सिर्जनामा सहयोग पुगेको छ ।

तालिकाः ८ ग        लघु घरेलु तथा साना उद्योगहरुको प्रदेशगत विवरण
२०७६ असारसम्म

| प्रदेश | उद्योगहरु दर्ताको संख्या (लघु, घरेलु तथा साना) | प्रस्तावित रोजगारी (संख्या) |
|---|---|---|
| प्रदेश नं. १ | ५५७०९ | ३८९४०५ |

*श्रोतः उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, २०७६*

**बैदेशिक लगानी**

८.११ विदेशी लगानीको स्वीकृति पाएका कुल उद्योगहरुमा देशगत आधारमा सबैभन्दा बढी लगानी चीन ४४ प्रतिशत र भारत ३० प्रतिशत रहेको छ । उद्योग संख्याको आधारमा समेत सबैभन्दा बढी चीन ३३ प्रतिशत र भारत १६ प्रतिशत रहेको छ । कुल विदेशी लगानी स्थापित उद्योगहरुमा करिव २ लाख ६७ हजार १ सय ३२ रोजगारी श्रृजना हुने अनुमान छ

८.१२ विदेशी लगानीमा संचालन हुने उद्योगहरुमा लगानी वृद्धिदर समान देखिदैन । आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालु आर्थिक वर्ष २०७६/७७ बाट भने विदेशी लगानीको प्रतिवद्धतामा बढोत्तरी हुने देखिन्छ । यसरी विदेशी लगानी बढ्नुको कारणमा एकल विन्दु सेवाको शुरुवात लगायतका व्यवस्थाबाट लगानीको वातावरणमा भएको सुधारले हुन सक्ने देखिन्छ । हाल सम्म प्रदेश नं. १ मा विदेशी लगानीको उद्योगहरु जम्मा ३% रहेका छन् ।

तालिकाः ८ घ प्रदेशगत रुपमा दर्ता भएका विदेशी लगानीका उद्योगहरुको विवरण

| प्रदेश | विदेशी लगानीको उद्योगहरुको विवरण (प्रतिशतमा) |
|---|---|
| प्रदेश १ | ३ |

*श्रोतः उद्योग विभाग, २०७६*

**पर्यटनः**

८.१३ अद्वितीय प्राकृतिक एवम् समृद्ध सांस्कृतिक सम्पदाको कारण प्रदेश नं.१ को तुलनात्मक लाभको क्षेत्रको रुपमा पर्टन रहेको छ । नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक एवम् मानव निर्मित सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन गर्दै प्रदेश नं. १ लाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्य स्थलको रुपमा विकास गर्ने दिर्घकालीन दृष्टकोण रहेको छ । यस उद्धेश्य प्रासिको लागि सन् २०२० लाई नेपाल भ्रमण वर्षको घोषणा गरी अधिकतम पर्यटक भित्र्याउने लक्ष्य रहेकोमा कोरोना महामारीको कारण भ्रमण वर्ष स्थगन भएको छ ।

८.१४ प्रदेश नं १ मा पर्वतारोहणबाट प्राप्त रोयल्टी जम्मा संकलन हुने रोयल्टीको ९०.४३ प्रतिशत रहेको छ । कुल प्रदेश नं १ को रोयल्टी मध्ये नेपाल सरकारबाट ५१.२२ प्रतिशत र नेपाल पर्वतारोहण संघबाट १०.८१ प्रतिशत संकलन भएको छ ।

तालिकाः ८ ङ पर्वतारोहणबाट प्राप्त रोयल्टी

| प्रदेश | नेपाल सरकारवाट संकलन | नेपाल पर्वतारोहण संघवाट संकलन | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| प्रदेश नं. १ | ५१.२२ | १०.८१ | ६२.०३ | ९०.४३ |

*श्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७६*

# ९ भौतिक पूर्वाधार

९.१ मुलुक एवम् प्रदेशको उच्च आर्थिक वृद्धि र तीव्र विकासका लागि भौतिक पूर्वाधार, यातायात तथा सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापनवाट रोजगारी सिर्जना तथा गरिबी निवारणमा सहयोग पुगेको छ । यस प्रदेश न १ को अधिकांश जिल्लाको सदरमुकाम राष्ट्रिय सडक सञ्जालले जोडिएका छन् । सार्वजनिक यातायात सञ्चालनलाइ व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय राजमार्गको साथै शहरी सडकहरु विस्तारको कार्य तीव्र रुपमा भइरहेको छ । यस प्रदेशमा सूचना प्रविधिको विकाससँगै टेलिफोन र इन्टरनेट प्रयोगकर्ताको संख्या उल्लेख्य बढेको छ ।

**जलविद्युत**

९.२ जलश्रोत यस प्रदेशको प्रचुर आर्थिक विकासको सम्भावना भएको क्षेत्र हो । संविधानले जलश्रोतको बहुपयोगी विकास गर्ने, नविकरणीय उर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपुर्तिका लागि सुपथ र सुलभ रुपमा भरपर्दो उर्जाको आपुर्ति गर्ने तथा उर्जाको समुचित प्रयोग गर्ने कुरा निर्देशित गरेको छ प्रदेश स्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा प्रदेश सरकारको अधिकार सूचीमा रहेको छ । प्रदेश सरकारले जलश्रोतको योजना तर्जुमा गर्दा खानेपानी, सिँचाइ, प्रकृति अनुकूल पर्यटन तथा मत्स्तपालन र जलविद्युत गरी चार वर्गमा प्राथमिकता क्रम निर्धारण गरेको छ ।

९.३ यस प्रदेशमा नेपालको जलश्रोतको जलाधार क्षेत्रको २८ प्रतिशत भन्दा बढी क्षेत्र रहेको छ । नेपालबाट बग्ने वार्षिक औसत २२४ अर्ब घनमिटर जलमध्ये २२ प्रतिशत भन्दा बढी (४९.१३ अर्ब घनमिटर) पानी यसै प्रदेश भएर बग्दछ । यस प्रदेशको क्षेत्रमा करिब ३४००० मे.वा. जलविद्युत उत्पादनको सम्भावना रहेको छ । यस प्रदेशका ७ जिल्लामा सञ्चालित ११ वटा स-साना प्लान्टबाट १२१ मे.वा. विद्युत उत्पादन भई हाल ७७ मे.वा. विद्युत आयात गरेको देखिन्छ । करिब ११२० मे.वा. विद्युत शक्ति क्षमताका ४० वटा आयोजना उत्पादन अनुमति लिई

निर्माणको चरणमा छन् भने ४०६७ मे.वा. क्षमताका ८६ वटा आयोजनाले सर्वेक्षण अनुमति पाएका छन् । यी दुवैलाई जोड्दा यस प्रदेशमा ढिलो चाँडो ५१८७ मे.वा. विद्युत शक्ति उत्पादन हुन सक्ने अवस्था देखिन्छ ।

**तालिकाः ९ क जलविद्युत उत्पादन स्थिती मेगावाटमा**

| प्रदेश | संचालनमा रहेका आयोजनाको क्षमता | निर्माणाधीन आयोजनाको क्षमता |
|---|---|---|
| प्रदेश १ | १२१ | ११२० |

*श्रोतः नेपाल विद्युत प्राधिकरण, २०७६*

**सडक**

९.४. आर्थिक वर्ष २०७६/७७ को फाल्गुन सम्म स्थानीयस्तरबाट ६१ हजार ३ सय ९५ कि.मी. सडक निर्माण भएको छ ।जसमध्ये प्रदेश नं. १ मा १२३३१ कि.मि. सडक निर्माण भएको छ ।

**तालिकाः ९ ख प्रदेश नं १ मा स्थानीय सडकको विवरण**

| प्रदेश | धुले/कच्ची | ग्राभेल | कालोपत्रे | जम्मा सडक | प्रदेशको अंश (प्रतिशत) | सडक घनत्व |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | ९१२६ | २५०२ | ७०३ | १२३३१ | २०.०८ | ०.४८ |

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# १०     सामाजिक क्षेत्र

## शिक्षा

१०.१ आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान ७.७ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७५/७६ मा यस्तो योगदान ७.१ प्रतिशत थियो । साथै, आर्थिक वर्ष २०७६/७७ मा यस क्षेत्रको वृद्धिदर ४.९ प्रतिशत रहने अनुमान छ ।

१०.२ राष्ट्रिय शिक्षा नीति, २०७६ स्वीकृति भई कार्यान्वयनमा आएको छ । साथै, दिगो विकासको लक्ष्य ४ कार्यान्वयन कार्यढाँचा स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ । राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको छ । शैक्षिक सत्र २०७६ मा खुद भर्नादर प्राथमिक तहको ९७.१ प्रतिशत, आधारभूत तहको ९३.४ प्रतिशत र माध्यमिक तहको ४७.६ प्रतिशत पुगेको छ ।

१०.३ यस प्रदेशमा सञ्चालित माध्यमिक शिक्षा परीक्षा साविक एस.एल.सी.) परीक्षा प्राविधिकतर्फ GPA ३.६० देखि ४.०० सम्म ल्याउनेको संख्या १४५ रहेको छ भने सबैभन्दा धेरै ५९० जनाले GPA २.८० देखि ३.२० सम्म ल्याएका छन् । सबैभन्दा कम GPA १.६० देखि २.०० सम्म ल्याउने जम्मा २ जना मात्रै छन् ।

**तालिकाः १० क     माध्यमिक शिक्षा परीक्षा (साविक एस.एल.सी.) प्राविधिक परीक्षाको विवरण**

| GPA | प्रदेश नं. १ |
|---|---|
| ३.६०<४ | १४५ |
| ३.२०<३.६० | ४९७ |
| २.८०<३.२० | ५९० |
| २.४०<२.८० | ३०४ |

| GPA | प्रदेश नं. १ |
|---|---|
| २.०<२.४० | ५६ |
| १.६०<२.०० | २ |

*स्रोतः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६*

१०.४ यस प्रदेश नं १ मा नेपालको कुल विद्यालय संख्या मध्ये १९.६ प्रतिशत रहेको छ । यस प्रदेशको कुल विद्यालय संख्या ६९५३ मा आधारभूत तहको विद्यालय ३३०९, माध्यमिक २०१९, माध्यमिक +२ ७५० विद्यालयहरु रहेका छन् ।

**तालिकाः १० ख प्रदेश अनुसार विभिन्न तहका विद्यालयको विवरण**

| प्रदेश | जम्मा विद्यालय | आधारभूत १-५ | आधारभूत ६-८ | आधारभूत १-८ | माध्यमिक ९-१० | माध्यमिक ११-१२ | माध्यमिक ९-१२ |
|---|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | ६९५३ | ६८७९ | ३३०९ | ६९०६ | २०१९ | ७५० | २०६५ |

*स्रोतः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६*


१०.५ शैक्षिक सत्र २०७६ मा प्रदेश नं. १ को आधारभूत तह (१-८) सम्मको खुद भर्नादर ९६.०५ प्रतिशत र माध्यमिक तह (९-१२) सम्मको खुद भर्नादर ५०.४५ प्रतिशत रहेको छ । यस प्रदेशमा आधारभूत तहमा छात्राको संख्यात्मक प्रतिशत छात्रको भन्दा देखिएता पनि माध्यमिक तहमा छात्राको संख्यात्मक प्रतिशत छात्रको भन्दा बढी रहेको छ ।

**तालिकाः १० ग प्रदेश नं. १ मा खुद विद्यार्थी भर्नादरको विवरण**

| आधारभूत कक्षा १–८ | | | माध्यमिक कक्षा ९–१२ | | |
|---|---|---|---|---|---|
| छात्रा | छात्र | कुल जम्मा | छात्रा | छात्र | कुल जम्मा |
| ९५.६० | ९६.५० | ९६.०५ | ५१.६० | ४९.३० | ५०.४५ |

*स्रोतः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६*

चार्टः १० क  प्रदेश नं. १ को खुद विद्यार्थी भर्नादर प्रतिशतको विवरण




*श्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६*

१०.६ प्रदेशमा १३७ वटा स्थानीय तह मध्ये २८ वटा स्थानीय तहमा मात्र प्राविधिक र व्यावसायिक धारका विद्यालय रहेका छन् । यी संस्थामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT द्वारा सञ्चालित २८ वटा स्कूलमा दीर्घकालीन र १७ वटामा अल्पकालीन कार्यक्रम सञ्चालित छन् । यस प्रदेशमा विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त १९६ वटा क्याम्पस सञ्चालनमा छन् ।

## सांस्कृतिक

१०.७ किराँती धर्मगुरु फाल्गुनन्द, सिरिजङ्गा, बालगुरु षडानन्द, सामाजिक अभियन्ता योगमाया, स्वामी प्रपन्नाचार्य लगायतका विद्वान् विदुषीहरू जन्मेको यो क्षेत्र ऐतिहासिक, सांस्कृतिक तथा पौराणिक दृष्टिकोणले महत्वपूर्ण छ । किराँत राजादेखि महाभारतकालीन विराट राजासम्मको राज्य रहेको यो प्रदेशमा धार्मिक शक्तिपीठहरू तथा पौराणिक महत्वका स्थलहरू पाथीभरा, हलेसी महादेव, बराहक्षेत्र, दन्तकाली, सिद्धकाली, विष्णुपादुका, किचक बध, अर्जुनधारा, पिण्डेश्वरी धाम, बौद्ध धर्मावलम्वीहरूको प्रसिद्ध स्थल सांग्रिला वा स्वर्ग भनी उल्लेख गरिएको ठाउँ

खेम्पालुङ तथा तेंगबोचे गुम्बा तथा किराँत कालिन इतिहास र संस्कृतिसँग जोडिएका धेरै स्थलहरू पर्दछन् ।

१०.८ नेपालको राजनीतिक आन्दोलनको क्रममा धेरै वीरहरूले लोकतन्त्र, गणतन्त्र तथा जनताका सार्वभौम अधिकारका लागि शहादत प्राप्त गरेको यो प्रदेशबाट २००७ साल पछि मुलुकले आधा दर्जन भन्दा बढी प्रधानमन्त्रीहरू पाएको छ ।

**भौगोलिक**

१०.९ यहाँ जैविक विविधताका अतिरिक्त वातावरणीय विविधता पनि प्रचुर मात्रामा छ । हिमाल, पहाड र तराई तीनै प्रकारको भौगोलिक धरातल समेटिएको यो प्रदेशमा विश्वका ६ वटा अग्ला हिमशिखरहरू मध्ये संसारकै अग्लो हिमाल सगरमाथा ८,८४८ मि.) लगायत कञ्चनजङ्घा, ल्होत्से, मकालु र चोयु पर्दछन् । यसैगरी नेपालकै सबैभन्दा होचो ठाउँ केचना (५८ मिटर) समेत यसै प्रदेशमा पर्दछ । सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र, कञ्चनजङ्घा संरक्षित क्षेत्र, कोशीटप्पु वन्यजन्तु आरक्ष लगायतका प्राकृतिक सम्पदाहरू पनि यसै प्रदेशमा पर्दछन् । यस क्षेत्रमा नेपालको राष्ट्रिय फूल लालीगुराँसको प्रस्तावित राजधानी तथा लालीगुराँस संरक्षण क्षेत्र (तिनजुरे, मिल्के र जलजले), माईपोखरी, जामुनखाडी लगायत दर्जनौ सीमसार क्षेत्रहरू तथा बर्जु ताल, सभापोखरी लगायतका तालतलैयाहरू रहेका छन् ।

**स्वास्थ्य**

१०.१० संविधानले स्वास्थ्यलाई मौलिकहकको रूपमा परिभाषित गर्दै आधारभूत स्वास्थ्यसेवा सम्पूर्ण नागरिकलाई निःशुल्क प्राप्त गर्ने, स्वास्थ्य उपचारको बारेमा जानकारी पाउने, स्वस्थ, स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक प्रत्याभूत गरेको छ । दिगो विकासका लक्ष्यले सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन

गर्ने लक्ष्य हासिल गर्न र स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच प्रतिको राष्ट्रिय प्रतिबद्धताको सफल कार्यान्वयनको लागि यस प्रदेशको समेत स्वास्थ्य क्षेत्रमा प्रभावकारी योगदान हुन आवश्यक छ ।

१०.११ प्रदेशमा औसत उमेर ६८.५ वर्ष छ । ५ वर्षमुनिका पुड्कोपन भएका बालबालिका ३२प्रतिशत ६., कम तौल भएका बालबालिका २४.४ प्रतिशत, प्रजनन उमेरमा हुने रक्तअल्पता ४३.३ प्रतिशत, संस्थागत सुत्केरी ६२ प्रतिशत, शिशुमृत्युदर र बालमृत्युदर क्रमशः ३१ र ३६ प्रति हजार जीवित जन्ममा, नवजात शिशुमृत्युदर (जन्मेको २८ दिनभित्र) २२ प्रतिहजार, कुल प्रजननदर राष्ट्रिय सरह २.३ रहेको छ । त्यस्तै परिवार नियोजनका साधनको प्रयोगदर न्यून ( ४० प्रतिशत रहेको छ ।

१०.१२ आर्थिक वर्ष २०७६/७७ को फाल्गुनसम्म प्रदेश भरिका सबै सरकारी, निजी र सामुदयिक स्वास्थ्यबाट कुल २९ लाख ९२ हजार ६ सय १४ पटक बहिरङ सेवा प्रवाह भएको छ । साथै १ लाख ३ हजार ३ सय १६ विरामीहरु अस्पतालमा भर्ना भएका र १ लाख ५४ हजार ६ सय ३३ जनाले आकस्मिक सेवा लिएका छन् । मानसिको स्वास्थ्यप्रति बढेको चेतना र स्वास्थ्य सेवाको विस्तारले स्वास्थ्य संस्थामा गई सेवा लिनेको संख्या बढ्को छ ।

**तालिकाः १० घ प्रदेश अनुसार २०७६/७७ मा स्वास्थ्य सेवाबाट लाभान्वित जनसंख्या**

| प्रदेश | भर्ना | बहिरङ | आकस्मिक |
|---|---|---|---|
| प्रदेश १ | १०३३१६ | २९९२६१४ | १५४६३३ |

*श्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, २०७६*

## खानेपानी तथा सरसफाइ

१०.१३ २०७२ को गणना अनुसार नेपालमा खानेपानीमा औसत ८६.४५% जनसङ्ख्याको पहुँच पुगेको राष्ट्रिय आङ्कलन छ । प्रदेशमा औसत ८९.४% जनसङ्ख्यामा खानेपानीको सुविधा पुगेकोछ । खाना बनाउनको लागि ठोस उर्जाको उपयोग ७९.८ प्रतिशत, विद्युतको सुविधा ६६.१ प्रतिशत तथा शौचालयको सुविधा ६९.६ प्रतिशत घर धुरीमा पुगेको छ ।

तालिकाः १० ङ आधारभूत सुविधा उपलब्धताको स्थिति प्रतिशत

| प्रदेश | खानेपानकी सुविधा प्राप्त गर्ने घरधुरी | खाना बनाउनको लागि ठोस उर्जाको उपयोग | विद्युतको सुविधा प्राप्त घरधुरी | शौचालयको सुविधा प्राप्त घरधुरी |
|---|---|---|---|---|
| प्रदेश १ | ८९.४ | ७९.८ | ६६.१ | ६९.६ |

*श्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७२*

## सूचना तथा सञ्चार

१०.१४ सूचना, सञ्चार र सूचना प्रविधिको तीव्र विकास भइरहेको छ । सूचना सञ्चारले विश्वलाई एकै ठाउँमा ल्याई विश्वग्रामको रूपमा विकसित गरेको छ । सूचना सञ्चार विनाको जीवन कल्पना गर्न नसकिने अवस्था सिर्जना भएको छ । संविधानमा सूचनाको हक मौलिक हकको रूपमा व्यवस्था गरी आधारभूत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षणको पहरेदारको रूपमा लिएको देखिन्छ । संविधान अनुसार सूचनाको मौलिक हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने नीति निर्देश गरेको छ ।जस अनुसार प्रदेशले आफ्नो कार्यक्षेत्रभित्र समेत सूचना तथा सञ्चार क्षेत्रमा विकासको प्रक्रिया अगाडि बढाएको छ ।

१०.१५ प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण, प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन, प्रदेश भित्र टेलीसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन, प्रदेशस्तरका इन्टरनेटसेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन, साइवर सुरक्षा अनुगमन, छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन, प्रेस सूचनाप्रवाह, सूचनासामग्रीको उत्पादन, प्रकाशन र वितरण, श्रमजीवी सञ्चारकर्मीको न्यूनतम पारिश्रमिक अनुगमन, केबल वितरणको इजाजत, नवीकरण र नियमन, सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा माप दण्ड तर्जुमा र कार्यान्वयन, चलचित्र हल निर्माण सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन सम्बन्धी कार्यको जिम्मेवारी प्रदेश सरकारलाई प्राप्त भएको छ ।

१०.१६ मोवाइल, इन्टरनेट सेवा एफएम रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाईन मिडिया, सामाजिक सञ्जाल, हुलाक सेवा लगायत निजी क्षेत्रका सञ्चार माध्यमहरुको पर्याप्त विस्तार भएको छ ।

१०.१७ आर्थिक वर्ष २०७६/७७ को फागुनसम्म टेलिफोन घनत्व १३९.० प्रतिशत र ईन्टरनेट ग्राहक घनत्व ७५.० प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७६/७७ को फागुनसम्म मोबाइल फोन प्रयोगकर्ताको संख्या ४ करोड ७ लाख ९३ हजार १ सय २ पुगेको छ । नेपालको कुल जनसंख्याको ७५ प्रतिशत जनसंख्यामा इन्टरनेट सेवाको पहुँच पुगेको छ

१०.१८ प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७५ जारी भएको छ । यस प्रदेशमा १३२ वटा एफ.एम. रेडियो, ७ वटा टेलिभिजन प्रसारक, ७ वटा दूरसञ्चार सेवाप्रदायक, ७ वटा टेलिभिजन वितरक, ७ वटा इन्टरनेट सेवाप्रदायक र ७ वटा छापा सञ्चार माध्यम दर्ता भई सञ्चालनमा रहेका छन् । प्रदेशस्तरका सरकारी निकायमा सूचना अधिकारीको व्यवस्था भएको छ ।

## ११. सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण

११.१ प्रदेशले लगानी प्रवर्द्धन तथा नियमन गर्न सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । जस अनुसार सार्वजनिक निजी साझेदारी कार्यक्रम र कृषि उद्यम कार्यक्रम समेत संचालन गर्न आवश्यक वार्षिक वजेट विनियोजन गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यक्षेत्र अन्तरगत आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्न आवश्यक व्यवस्था गरिएको छ ।

११.२ आयोजना वा कार्यक्रमको प्रशासनिक खर्च नियम ११ बमोजिमको कोषवाट व्यहोरिने छ जस अन्तरगत प्रदेश सरकारले ७० प्रतिशत र नेपाल उद्योग वाणिज्य महासंघले ३० प्रतिशत हिस्सा व्यहोर्ने छ । सम्भाव्य आयोजना वा कार्यक्रमको विस्तृत परियोजना अध्ययन प्रतिवेदन लगायत अन्य सम्भाव्यता अध्ययन र लाभ लागत विश्लेषण प्रकृयामा प्रदेश सरकारको अधिकतम ७० प्रतिशत र निजी क्षेत्रको ३० प्रतिशत लागत साझेदारी हुनेछ ।

## १२ कोरोना रोकथाम, नियन्त्रण उपचार तथा राहत

१२.१ आर्थिक वर्ष २०७६/७७ को आर्थिक सर्वेक्षण तयार गर्दा २०७६ फागुनसम्मको तथ्यांक तथा विवरणहरुमा आधारित भएकोले नोवेल कोरोना भाईरस रोगको महामारी र यसबाट प्रदेशको अर्थतन्त्रमा परेका पछिल्ला प्रतिकुल प्रभावहरु समेट्न सकिएको छैन ।

१२.२ विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०१९ को डिसेन्बर ३१ (२०७६ पुष १५ ) मा पहिलो पटक कोभिड-१९ (नोवेल कोरोना भाईरस) को प्रकोप देखिएको हो । यस प्रदेश नं. १ मा २०७७ साल बैशाख ४ गते उदयपुरको भुल्केमा पहिलो संक्रमित फेला परेको हो । २०७७ साल जेष्ठ २१ गतेसम्ममा यस प्रदेशमा १७२ जना कोरोना संक्रमित रहेका छन् ।

१२.३ प्रदेश, जिल्ला र स्थानीय तहमा कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यलाई थप प्रभावकारी बनाउन मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय संरचना, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला स्तरीय संरचना र स्थानीय तहका प्रमुखको संयोजकत्मा पालिकास्तरीय संरचना गठन भई आवश्यक कार्य भईरहेको छ । कोरोना संक्रमण नियन्त्रण गर्न अत्यावश्यक सेवा प्रवाह वाहेक आन्तरिक एवम् अन्तराष्ट्रिय उडान, सीमानाकामा आवतजावत, शैक्षिक संघसंस्था, सार्वजनिक तथा निजी यात्रुवाहक सवारी सञ्चालन, सार्वजनिक एवम् धार्मिक स्थलमा भेला, सभा सम्मेलन, उद्योग कलकारखाना बन्द गरी २०७६ चैत्र ११ गतेदेखि मुलुकभर लकडाउन गरिएको छ । यसका कारण प्रभावित हुने श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवनयापनलाई सहज बनाउन तथा उद्योगी व्यवसायीहरुलाई निजहरुको उद्योग व्यवसायको संरक्षणको लागि विभिन्न राहत, करछूट तथा सुविधाका कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

१२.४ प्रदेश नं. १ सरकारले कोरोना संक्रमण नियन्त्रण, रोकथाम, उपचार तथा राहतको लाग श्रोत व्यवस्थापन गर्न "प्रदेश नं. १ कोरोना जनसुरक्षा कोष" (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ जारी गरी "प्रदेश नं. १ कोरोना जनसुरक्षा कोष" समेत स्थापना गरी प्रदेश सरकारको तर्फबाट २५ करोड जम्मा गरिएको छ ।

तालिकाः ११ क  प्रदेश नं. १ मा कोरोना संक्रमितहरुको विवरण (२०७७ साल जेष्ठ २१ गते)

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ताप्लेजुङ्ग | ० | ० | ० |
| पाँचथर | ० | ० | ० |
| इलाम | ० | ० | ० |
| तेह्रथुम | ० | ० | ० |
| ओखलढुङ्गा | ० | ० | ० |
| भोजपुर | ० | १ | १ |
| खोटाङ्ग | ० | १ | १ |
| सोलुखुम्बु | ० | १ | १ |
| संखुवासभा | ० | २ | २ |
| झापा | ० | ११८ | ११८ |
| सुनसरी | १ | ३ | ४ |
| मोरङ्ग | २ | ३ | ५ |
| धनकुटा | २ | ५ | ७ |
| उदयपुर | ६ | २७ | ३३ |
| **जम्मा** | ११ | १६१ | १७२ |

*श्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय प्रदेश नं १, २०७६*

तालिकाः ११ ख  प्रदेश नं. १ मा कोरोना संक्रमितहरु निको (डिस्चार्ज) भएकाहरुको विवरण

| महिला | पुरुष | जम्मा |
|---|---|---|
| ५ | ४३ | ४८ |

*श्रोतः मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय प्रदेश नं १, २०७६*

तालिकाः ११ ग "प्रदेश नं. १ कोरोना जनसुरक्षा कोष" मा सहयोग रकमको विवरण

| सि.नं. | सहयोग पुऱ्याउनु हुने व्यक्ति तथा संस्थाको विवरण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रदेश सरकारबाट | २५0000000.00 | |
| २ | व्यक्ति, कर्मचारी, कार्यालय, संगठित संघसंस्था आदिबाट | ४४३३६५८०.८० | |
| | कुल जम्मा (२०७७ साल जेष्ठ १९ गतेसम्म) | २९४,३३६,५८०.८० | |

*श्रोतः मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय प्रदेश नं १*